# संसदीय विवरण पुस्तिका

## प्रतिनिधि सभा / महासभा

## (२०१६ - २०१७)




संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

# संसदीय विवरण पुस्तिका

## प्रतिनिधि सभा/महासभा
## (२०१६ - २०१७)

संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं
☏ ४२११८१२, ४२११९५६
URL: www.parliament.gov.np

यस विवरण पुस्तिकामा प्रकाशित विवरणहरु सम्वत् २०१६ तथा २०१७ सालको प्रतिनिधि सभा र महासभाबाट सम्पन्न भएका र संसद एवं संसदीय पदाधिकारीहरुसँग प्रत्यक्ष रुपमा सचिवालयबाट भएका कामकारवाहीहरुलाई समेटेर तयार गरिएको हो । यसमा प्रकाशन समितिको व्यक्तिगत विचार रहेका छैनन् ।

प्रकाशन समिति

**प्रकाशक**: संघीय संसद सचिवालय, सिंहदरबार

**प्रकाशन संख्या**: ७०० प्रति

**प्रकाशन मिति**: २०७७

**सर्वाधिकार © :** संघीय संसद सचिवालय

**आवरण चित्र**: प्रतिनिधि सभा भवन (ग्यालरी बैठक)

**मुद्रक**: संघीय संसद सचिवालय, अफसेट प्रेस

# प्रकाशकीय

नेपालमा संसदीय शासन व्यवस्थाको शुरुवात नेपाल अधिराज्यको संविधान, २०१५ जारी भएपछि सोही संवैधानिक व्यवस्था अनुसार सम्वत् २०१५ सालमा आमनिर्वाचन सम्पन्न भई संसद एवं सरकारको गठनसँगै भएको थियो । तथापि सम्वत् २०१७ साल पौष १ गतेको शाही घोषणाबाट उक्त संसदीय व्यवस्थाको अन्त्य भई एक दलीय शासन व्यवस्था कायम भएकोमा करिब तीस वर्ष पछि सम्वत् २०४६ सालमा भएको जनआन्दोलनबाट उक्त व्यवस्थाको अन्त्य भई सम्वत् २०४७ साल कार्त्तिक २३ गते जारी नेपाल अधिराज्यको संविधान, २०४७ ले पुनःबहुदलीय शासन व्यवस्था अंगीकार गरी द्विसदनात्मक संसदीय प्रणालीको स्थापना गरेको कुरामा सर्वविदितै छ ।

नेपालको संसदीय परम्परा अनुसार सार्वभौम संसदबाट संसदको कार्यकालमा भए गरेका संसदीय गतिविधिलाई लिपिबद्ध गरी पुस्तकको रुपमा प्रकाशन गर्नको लागि संसद सचिवालयले समिति गठन गरी कार्यारम्भ गरेकोमा नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि प्रजातन्त्र पुनर्स्थापना पछि गठित पहिलो संसदको कार्यकाल तीनवर्ष (वि.सं २०४८-२०५१), दोस्रो कार्यकाल (वि.सं.२०५१-२०५६) र तेस्रो कार्यकाल (वि.सं.२०५६-२०५९) मा भएका संसदीय गतिविधि (प्रतिनिधि सभा र राष्ट्रिय सभाको छुट्टाछुट्टै) लाई समेटेर संसदीय विवरण पुस्तिका प्रकाशन भइसकेको छ ।

त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम सम्वत् २०६४ सालमा सम्पन्न आमनिर्वाचनद्वारा गठित संविधानसभा र रुपान्तरित व्यवस्थापिका-संसदबाट भए गरेका संसदीय कामकारवाही र सम्वत् २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान बमोजिम गठन भएको संघीय संसदको कामकारवाहीलाई समेत समेटेर संसदीय विवरण पुस्तिका प्रकाशन गर्ने सम्बन्धमा गठित समितिको बैठकमा छलफल हुँदा नेपालको संसदीय परम्पराको प्रस्थान बिन्दुको रुपमा रहेको सम्वत् २०१६ सालमा गठित संसदको कामकारवाहीको सम्बन्धमा कुनै आधिकारिक दस्तावेज तयार नभएको हुँदा त्यसबेलाको संसदीय गतिविधिलाई समेत लिपिबद्ध गर्नुपर्ने आवश्यकता महशुस गरिएको हुनाले प्राप्त अभिलेखका आधारमा तत्कालीन प्रतिनिधि सभा र महासभाका दुई वटा अधिवेशनका कामकारवाहीलाई यस पुस्तकमा लिपिबद्ध गर्ने प्रयास गरिएको छ ।

यस पुस्तकमा तत्कालीन प्रतिनिधि सभा र महासभाको निर्वाचनमा विजयी राजनीतिक दल तथा ती दलहरुबाट संसदमा प्रतिनिधित्व गर्ने सभासदहरुको नामावली, सभासदको शपथ, कार्यकारी अध्यक्षको नियुक्ति, सभामुख, उपसभामुख, अध्यक्ष तथा उपाध्यक्षको निर्वाचन, प्रतिनिधि सभाका सदस्यबाट महासभाका सदस्यको निर्वाचन, महासभाका सभासदको पदावधि निर्धारण, संसदमा पेश भएका प्रस्ताव र त्यस्ता प्रस्ताव उपरको छलफल, प्रश्नोत्तर जस्ता प्रतिनिधि सभा र महासभाको नियमित संसदीय कारवाहीलाई यस पुस्तकमा समावेश गरिएको छ ।

यस पुस्तकमा संकलित विवरणहरु नेपाल अधिराज्यको संविधान, २०१५, नेपाल राजपत्रमा प्रकाशित सूचनाहरु, प्रतिनिधि सभा तथा महासभाका दुईवटा अधिवेशनको कार्यवृत्त, संक्षिप्त विवरण, विभिन्न मितिमा सम्पन्न संसदका बैठकका विवरणमा आधारित छन् । प्रस्तुत पुस्तक नेपालको संसदीय प्रणालीमा संसदीय गतिविधिको विवरण संकलित एक ऐतिहासिक आधिकारिक दस्तावेजको रुपमा रहने र यसबाट नेपालको संसदीय प्रणालीमा संसदीय काम कारवाहीको बारेमा जानकारी राख्न चाहने अध्येता, अनुसन्धानकर्ता, विद्यार्थी लगायत जोसुकैलाई पनि अत्यन्त उपयोगी हुने अपेक्षा गरिएको छ ।

अन्त्यमा, यस पुस्तक प्रकाशन गर्नमा प्रकाशन समितिलाई सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्दछौं ।

## संक्षेपीकरणको अर्थ

| | | |
|---|---|---|
| ज.ब.रा. | - | जंग बहादुर राणा |
| ने.काँ. | - | नेपाली काँग्रेस |
| ने.रा.गो.प. | - | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ने.क.पा. | - | नेपाल कम्युनिष्ट पार्टी |
| स.प्र.पा. | - | संयुक्त प्रजातन्त्र पार्टी |
| स.प्र.पा.ने. | - | संयुक्त प्रजातन्त्र पार्टी नेपाल |
| ने.प्र.पा. (आ.) | - | नेपाल प्रजा परिषद् (आचार्य) |
| ने.प्र.प. (मि.) | - | नेपाल प्रजा परिषद् (मिश्र) |

# विषयसूची


| क.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| | **परिच्छेद एक** | |
| | **प्रतिनिधि सभा** | |
| १. | पृष्ठभूमि | १ |
| २. | प्रतिनिधि सभामा निर्वाचित दलहरु | १ |
| ३. | प्रतिनिधि सभा उपनिर्वाचन | २ |
| ४. | प्रतिनिधि सभाका सदस्यहरु | ३ |
| ५. | मन्त्रिपरिषद् गठन | ३ |
| ६. | संसदसंग सरकारको सम्पर्क | ४ |
| ७. | कार्यकारी अध्यक्ष (ज्येष्ठ सदस्य) | ४ |
| ८. | सदस्यको शपथ | ५ |
| ९. | अधिवेशन अवधि | ५ |
| १०. | प्रतिनिधि सभाका पदाधिकारी | ६ |
| ११. | महासभासद निर्वाचन | ७ |
| १२. | श्री ५ बाट सम्बोधन | ७ |
| १३. | धन्यवादको प्रस्ताव | ७ |
| १४. | प्रश्नोत्तर | ८ |
| १५. | समिति सम्बन्धी विवरण | ८ |
| १६. | सभामा प्रस्तुत प्रतिवेदन | १३ |
| १७. | सभामा पेश भएका अध्यादेश | १४ |
| १८. | विधेयक सम्बन्धी विवरण | १४ |
| १९. | वार्षिक बजेट | १६ |
| २०. | विदेशबाट प्राप्त सन्देश | १७ |
| २१. | सभामा प्रस्तुत प्रस्तावहरु | १८ |
| २२. | आधा घण्टाको छलफल | २० |
| २३. | विशेषाधिकारको प्रश्न | २१ |
| २४. | बैठकमा नियमापत्ति | २२ |
| २५. | सदनमा भएका निर्देश एवं ध्यानाकर्षण | २२ |
| २६. | सार्वजनिक महत्वको वक्तव्य | २५ |
| २७. | अनुपस्थितिको सूचना | २६ |
| २८. | शोक प्रस्ताव | २६ |

| क.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|

## परिच्छेद दुई
## महासभा

| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | २८ |
| २. | महासभामा मनोनीत तथा निर्वाचित सदस्य | २८ |
| ३. | कार्यकारी अध्यक्ष | २९ |
| ४. | सदस्यको शपथ | २९ |
| ५. | अधिवेशन अवधि | ३० |
| ६. | श्री ५ बाट सम्बोधन | ३० |
| ७. | धन्यवादको प्रस्ताव | ३१ |
| ८. | प्रश्नोत्तर | ३१ |
| ९. | महासभाका पदाधिकारी | ३२ |
| १०. | महासभासदको पदावधि | ३३ |
| ११. | समिति सम्बन्धी विवरण | ३४ |
| १२. | सभामा प्रस्तुत प्रतिवेदन | ३५ |
| १३. | सभामा पेश भएका अध्यादेश | ३५ |
| १४. | विधेयक सम्बन्धी विवरण | ३५ |
| १५. | वार्षिक बजेट | ३७ |
| १६. | सभामा प्रस्तुत प्रस्तावहरु | ३८ |
| १७. | विशेषाधिकारको प्रश्न | ३९ |
| १८. | बैठकमा नियमापत्ति | ४० |
| १९. | सदनमा भएका निर्देश एवं ध्यानाकर्षण | ४० |
| २०. | सार्वजनिक महत्वको वक्तव्य | ४३ |
| २१. | शोक प्रस्ताव | ४३ |

## अनुसूचीहरु

| | | |
|---|---|---|
| अनुसूची-१ | प्रतिनिधि सभा सदस्यहरुको नामावली | ४५ |
| अनुसूची-२ | प्रतिनिधि सभामा विधेयक सम्बन्धी विवरण | ५० |
| अनुसूची-३ | प्रतिनिधि सभामा प्रस्तुत संकल्प प्रस्ताव | ५६ |
| अनुसूची-४ | प्रतिनिधि सभामा प्रस्तुत कार्य स्थगन प्रस्ताव | ६७ |
| अनुसूची-५ | महासभासदहरुको नामावली | ६९ |
| अनुसूची-६ | महासभामा विधेयक सम्बन्धी विवरण | ७१ |
| अनुसूची-७ | महासभामा प्रस्तुत संकल्प प्रस्ताव | ७७ |

# परिच्छेद एक
# प्रतिनिधि सभा

# परिच्छेद - एक
# प्रतिनिधि सभा

## १. पृष्ठभूमि

सम्वत् २०१५ साल फाल्गुण १ गते जारी भएको नेपाल अधिराज्यको संविधान, २०१५ (यसपछि संविधान भनिएको) ले बहुदलीय व्यवस्था, श्री ५ सहितको दुई सदनात्मक संसद, संसद्मा प्राप्त बहुमतको राजनीतिक दलले सरकार गठन गरी देशको शासनसत्ता सञ्चालन गर्ने, वालिग मताधिकार, आवधिक निर्वाचन प्रणाली, मौलिक हक, जनप्रतिनिधिको प्रत्यक्ष सहभागितामा विधि निर्माण गर्ने सर्वोच्च निकाय संसद, न्यायपालिकामा तथा केही संवैधानिक निकायको व्यवस्था जस्ता आधारभूत संवैधानिक चरित्रलाई आत्मसाथ गरेको थियो ।

२०१५ साल फाल्गुन ७ गते शुरु भएको आम निर्वाचन सम्पन्न भएपछि गठन भएको प्रतिनिधिसभा २०१७ साल पुष १ गते भएको शाही घोषणाबाट विघटन भई बहुदलीय शासन व्यवस्थाको समेत अन्त्य भएको भए तापनि संसदले आफ्नो कार्यकालमा संविधान तथा प्रचलित कानून बमोजिम सम्पादन गरेका कार्यहरुको विवरण, प्रतिनिधिसभामा प्रतिनिधित्व भएका दल, सभामा रहेका सदस्यहरु, सभाका पदाधिकारीहरु, सभाबाट गठन भएका समितिहरु, पारित विधेयक तथा अध्यादेशका विवरणहरु, सभामुखबाट सभामा भएका घोषणा एवं निर्देश, श्री ५ बाट भएको सम्बोधन तथा धन्यवादको प्रस्ताव, बजेट सम्बन्धी कार्य, सभामा प्रस्तुत भएका प्रस्तावहरुको विवरण, मन्त्रिमण्डलको विवरण लगायतका काम कारबाहीलाई प्राप्त अभिलेखको आधारमा यस पुस्तकमा समेट्ने प्रयास गरिएको छ ।

## २. प्रतिनिधि सभामा निर्वाचित दलहरु

वि.सं. २०१५ साल फागुन ७ गतेबाट प्रारम्भ भई विभिन्न चरणमा सम्पन्न भएको प्रतिनिधि सभाको आम निर्वाचन चैत २८ गतेसम्म ४५ दिनमा पूरा भएको थियो जसको अन्तिम परिणामको घोषणा २०१६ साल वैशाख २८ गते भएको थियो ।[१] प्रतिनिधि सभाको उक्त निर्वाचनमा ९ वटा राजनैतिक दलबाट उम्मेदवारी दिएको

[१] *नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग, पृष्ठ २८८, २०७३ ।*

भएतापनि ६ वटा राजनैतिक दलका उम्मेदवारले निर्वाचनमा विजयी हासिल गरेका थिए । उक्त निर्वाचनबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुको विवरण देहाय बमोजिम रहेको छ :-*

| क.सं. | दलको नाम | प्राप्त सिट संख्या |
|---|---|---|
| १. | नेपाली काँग्रेस | ७४ |
| २. | नेपाल राष्ट्रवादी गोरखा परिषद् | १९ |
| ३. | संयुक्त प्रजातन्त्र पार्टी | ५ |
| ४. | नेपाल कम्युनिष्ट पार्टी | ४ |
| ५. | नेपाल प्रजापरिषद् (आचार्य गुट) | २ |
| ६. | नेपाल प्रजापरिषद् (मिश्र गुट) | १ |
| ७. | स्वतन्त्र | ४ |
| | **जम्मा** | **१०९** |

## ३. प्रतिनिधि सभा उपनिर्वाचन

वि.सं. २०१५ सालको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा श्री सुवर्ण शम्शेर ज.ब.रा. ले तीन वटा निर्वाचन क्षेत्र ५२, ५३ र ९१ मा विजयी प्राप्त गर्नुभएकोले निर्वाचन क्षेत्र ५२ र ९१ बाट राजीनामा दिनुभएको थियो भने श्री शिवराज पन्तले दुईवटा निर्वाचन क्षेत्र ७० र ७१ मा विजयी प्राप्त गर्नुभएकोले निर्वाचन क्षेत्र ७० बाट राजीनामा दिनुभएको थियो ।[ϒ] उक्त तीनवटै निर्वाचन क्षेत्रमा सम्पन्न भएको उक्त निर्वाचनमा देहाय बमोजिम परिणाम आएको थियो ।[£]

| नाम थर | निर्वाचन क्षेत्र | क्षेत्र नं. | दल |
|---|---|---|---|
| श्री मनमोहन मिश्र | बारा मध्य उत्तर | ५२ | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| श्री नवराज जोशी | थलारा डोटी उत्तर | ७० | नेपाली काँग्रेस |
| श्री पुष्करनाथ पोखरेल | गुल्मी दक्षिण पश्चिम | ९१ | नेपाली काँग्रेस |

* *नेपालको राजनीतिक इतिहास, पिताम्बर लाल यादव, पृष्ठ ३७१ ।*

ϒ *नेपाल गजेट, भाग ३, २०१६ वैशाख २८ ।*

£ *नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग, पृष्ठ २८४, २०७३ ।*

## ४. प्रतिनिधि सभाका सदस्यहरु

नेपाल अधिराज्यको संविधान, २०१५ मा छुट्टै निर्वाचन आयोगको व्यवस्था नभए तापनि जनताको प्रत्यक्ष मतदानबाट हुने प्रतिनिधि सभाको निर्वाचन तत्काल सम्पन्न गर्न (दुई सदस्यीय टोली) प्रधान निर्वाचन कमिश्नर सुर्वण शम्शेर र निर्वाचन कमिश्नरका रूपमा प्रद्युम्नलाल राजभण्डारीलाई जिम्मेवारी सुम्पिएको थियो । संविधान अनुसार प्रतिनिधि सभामा १०९ जना सदस्य रहने व्यवस्था थियो । प्रतिनिधि सभा सदस्यमा उम्मेदवार हुन २५ वर्ष उमेर पूरा भएको हुनुपर्ने र २१ वर्ष उमेर पूरा भई मतदाता नामावलीमा नाम भएका व्यक्तिले प्रतिनिधि सभाको सदस्य निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था थियो । २०१५ सालमा भएको प्रतिनिधि सभा सदस्यको निर्वाचन पाँच वर्षे कार्यकालको लागि भएको थियो । प्रतिनिधि सभाको प्रथम र दोस्रो अधिवेशनमा प्रतिनिधित्व गर्नुभएका सदस्यहरुको नामावली **अनुसूची - १** मा उललेख गरिएको छ ।

## ५. मन्त्रिपरिषद्को गठन

संविधानको धारा १३ बमोजिम श्री ५ बाट प्रतिनिधि सभा सदस्यहरु मध्येबाट प्रतिनिधि सभामा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्री नियुक्त गरिने व्यवस्था थियो भने अन्य मन्त्रीहरुको नियुक्ति प्रधानमन्त्रीको सिफारिशमा श्री ५ बाट हुने र ती मन्त्रीहरु मध्ये कम्तीमा दुई जना मन्त्री महासभाबाट हुनुपर्ने थियो । संविधानले मन्त्रिमण्डल सामूहिक रुपले प्रतिनिधि सभाप्रति उत्तरदायी हुने व्यवस्था समेत गरेको थियो । प्रथम निर्वाचित मन्त्रिमण्डलका रुपमा प्रधानमन्त्री श्री विश्वेश्वर प्रसाद कोइरालाको अध्यक्षतामा निम्नलिखित १९ सदस्यीय मन्त्रिमण्डल गठन भई कार्यविभाजन समेत भएको थियो ।

| क्र.सं. | नाम थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री विश्वेश्वरप्रसाद कोइराला | प्रधानमन्त्री | रक्षा र परराष्ट्र |
| २. | श्री सुवर्ण सम्शेर | उपप्रधानमन्त्री | अर्थ, आय कर र योजना विकास |
| ३. | श्री गणेशमान सिंह | मन्त्री | निर्माण, सञ्चार तथा नहर, मालपोत (भूमिसुधार) |
| ४. | श्री सूर्यप्रसाद उपाध्याय | मन्त्री | गृह तथा कानुन एवं संसदीय प्रबन्ध |
| ५. | श्री राम नारायण मिश्र | मन्त्री | उद्योग, वाणिज्य |

| क.सं. | नाम थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| ६. | श्री काशीनाथ गौतम | मन्त्री | स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन |
| ७. | श्री परशुनारायण चौधरी | मन्त्री | शिक्षा |
| ८. | श्री शिवराज पन्त | मन्त्री | खाद्य, कृषि तथा वन |
| ९. | श्री तुलसी गिरी | उपमन्त्री | परराष्ट्र |
| १०. | श्री भिमबहादुर गुरुङ | उपमन्त्री | रक्षा |
| ११. | श्री शिवप्रताप शाह | उपमन्त्री | अर्थ |
| १२. | श्री योगेन्द्रमान शेरचन | उपमन्त्री | सञ्चार |
| १३. | श्री ललित चन्द | उपमन्त्री | निर्माण तथा नहर |
| १४. | श्री जमानसिंह गुरुङ | उपमन्त्री | मालपोत (भूमिसुधार) |
| १५. | श्री प्रेमराज आङदम्बे | उपमन्त्री | गृह |
| १६. | श्री सूर्यनाथ दास यादव | उपमन्त्री | कानुन तथा संसदीय प्रबन्ध |
| १७. | श्री नेबबहादुर मल्ल | उपमन्त्री | शिक्षा |
| १८. | श्री द्वारिकादेवी ठकुरानी | उपमन्त्री | स्वास्थ्य तथा स्वायत्त शासन |
| १९. | श्री दिवान सिंह राई | उपमन्त्री | खाद्य, कृषि तथा वन |
| २०. | श्री होराप्रसाद जोशी | सहायक मन्त्री | कानुन तथा संसदीय प्रबन्ध |
| २१. | श्री त्रिवेणीप्रसाद प्रधान | सहायक मन्त्री | |

(स्रोत : नेपाल गजेट, भाग ३, २०१६/०४/१९; नेपाल गजेट, भाग ३, २०१६/०५/२९)

## ६. संसदसँग सरकारको सम्पर्क

सम्वत् २०१३ सालमा कानून विभागलाई "कानून मन्त्रालय" र त्यसपछि सम्वत् २०१५ सालमा नेपाल सरकारबाट कार्य विभाजनबाट "कानून तथा संसदीय प्रबन्ध मन्त्रालय" को रुपमा नामाकरण भएपछि सोही मन्त्रालय मार्फत् संसदसँग सम्पर्क गर्ने कार्य भएको थियो । २०१८ सालमा संसदीय प्रबन्ध मन्त्रालय समेत खारेज भई "कानून तथा न्याय मन्त्रालय" नामाकरण गरिएको थियो ।

## ७. कार्यकारी अध्यक्ष (ज्येष्ठ सदस्य)

प्रतिनिधि सभाको नियमावली, २०१६ (यसपछि नियमावली भनिएको) को नियम १३ अनुसार प्रतिनिधि सभाको सभामुखको निर्वाचन नभएसम्मको लागि प्रधानमन्त्रीको

सिफारिसमा श्री ५ बाट श्री गिरीप्रसाद बुढाथोकीलाई कार्यकारी अध्यक्षको रुपमा मनोनयन गरिएको थियो । श्री गिरीप्रसाद बुढाथोकीले कार्यकारी अध्यक्षको रुपमा प्रतिनिधि सभाको प्रथम अधिवेशनको दुईवटा बैठकको अध्यक्षता गर्नुभएको थियो । तेस्रो बैठकमा नवनिर्वाचित सभामुख श्री कृष्णप्रसाद भट्टराईलाई सभाका सचिव श्री कुलशेखर शर्माद्वारा शपथ ग्रहण गराएपछि कार्यकारी अध्यक्षले नवनिर्वाचित सभामुखलाई अध्यक्षासन हस्तान्तरण गर्नु भएको थियो ।

## ८. सदस्यको शपथ

सम्वत् २०१६ असार १६ गते बसेको प्रतिनिधि सभाको प्रथम अधिवेशनको पहिलो बैठकमा प्रतिनिधि सभाका सबै सदस्यहरु एकत्रित भएपछि सभाका सचिव श्री कुलशेखर शर्माले श्री ५ बाट कार्यकारी अध्यक्षको रुपमा श्री गिरीप्रसाद बुढाथोकीलाई मनोनयन गरिएको पत्र पढेर सुनाउनु भएको थियो । उक्त बैठकमा सभाका सचिवले शुरुमा कार्यकारी अध्यक्ष श्री गिरिप्रसाद बुढाथोकीलाई शपथ गराएपछि उहाँले अध्यक्षासन ग्रहण गर्नुभएको सभाका सचिवद्वारा त्यसपछि १०४ जना सदस्यहरुलाई शपथ ग्रहण गराइएको थियो । त्यसैगरी सम्वत् २०१६ असार २६ गतेको बैठकमा श्री जितबहादुर कार्कीलाई माननीय सभामुखबाट सदनभित्रै शपथ गराइएको थियो भने दोस्रो अधिवेशनको २०१६ चैत १८ र २४ गतेको बैठकमा श्री पुष्करनाथ पोखरेल र श्री नवराज जोशीलाई माननीय सभामुखबाट सदनभित्रै शपथ गराइएको थियो ।

## ९. अधिवेशन अवधि

प्रतिनिधि सभाको यस अवधिभर प्रतिनिधि सभा दुई वटा अधिवेशन बसेको थियो । उक्त अवधिमा सम्पन्न भएका अधिवेशनहरुको विवरण देहाय बमोजिम छ ।

| अधिवेशन | प्रारम्भ मिति | अन्त्य मिति | जम्मा बैठक |
|---|---|---|---|
| प्रथम | २०१६/०३/१६ | २०१६/०६/२१ | ४७ |
| द्वितीय | २०१६/१२/१८ | २०१७/०५/३१ | ९४ |
| | | **जम्मा बैठक संख्या** | **१४१** |

## १०. प्रतिनिधि सभाका पदाधिकारी

### सभामुख निर्वाचन

सभामुखको निर्वाचन श्री ५ बाट तोके बमोजिम २०१६ असार १८ गतेको प्रतिनिधि सभाको वैठकमा श्री मृगेन्द्र शम्शेर ज.व.रा.ले "श्री देववीर पाण्डेलाई सभामुख चुनियोस्" भनी प्रस्ताव पेश गर्नुभयो । उक्त प्रस्तावलाई श्री बेनी बहादुर कार्कीले समर्थन गर्नुभयो । त्यसपछि श्री विश्वबन्धु थापाले "श्री कृष्णप्रसाद भट्टराईलाई सभामुख चुनियोस्" भनी प्रस्ताव गर्नुभयो । उक्त प्रस्तावलाई श्री रुद्रप्रसाद गिरीले समर्थन गर्नुभयो । पहिलो प्रस्ताव श्री मृगेन्द्र शम्शेर ज.ब.रा. ले फिर्ता लिनु भएपछि एकमात्र प्रस्ताव बाँकी भएकोले श्री कृष्णप्रसाद भट्टराईको नामको प्रस्ताव स्वीकृत भयो । कार्यकारी अध्यक्षले श्री कृष्णप्रसाद भट्टराई सभामुख चुनिएको घोषणा गर्नुभयो । सभाका सचिवले नवनिर्वाचित सभामुखलाई असार १९ गते शपथ ग्रहण गराउनु भयो ।

### उपसभामुख निर्वाचन

सभामुखले आषाढ १९ गतेको बैठकमा उपसभामुखको निर्वाचनको लागि नियमावलीको नियम ११ को उपनियम (१) बमोजिम असार २१ गतेको दिन तोकेको जानकारी गराउनु भयो । सोही बमोजिम असार २१ गते वैठकमा श्री श्रीभद्र शर्माले "श्री महेन्द्र नारायण निधिलाई सभाको उपसभामुख चुनियोस्" भनी प्रस्ताव गर्नुभयो । उक्त प्रस्तावलाई श्री श्रीकान्त अधिकारीले समर्थन गर्नुभयो । सभामुखले नियमावलीको नियम ११ को उपनियम (३) अनुसार श्री महेन्द्र नारायण निधिलाई उपसभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

### अध्यक्षता गर्न मनोनीत सदस्य

प्रतिनिधि सभाको मिति २०१६ साउन ३० गतेको बैठकले सभामुख तथा उपसभामुखको अनुपस्थितिमा सभाको अध्यक्षता गर्नको लागि माननीय सभामुखबाट निम्नलिखित सदस्यहरुलाई मनोनयन भएको थियो ।

| क.सं. | सदस्यको नाम | |
|---|---|---|
| १. | श्री रुद्रप्रसाद गिरी | |
| २. | श्री देववीर पाण्डे | |
| ३. | श्री देवनाथदास यादव | |
| ४. | श्री श्रीकान्त अधिकारी | |

## ११. महासभासद निर्वाचन

संविधानले सभामुख र उपसभामुखको निर्वाचन पछि महासभासदको निर्वाचन गर्नुपर्ने व्यवस्था गरे बमोजिम प्रतिनिधि सभाको २०१६ आषाढ २६ गते बसेको बैठकले महासभाका लागि १८ जना महासभासदको निर्वाचन सम्पन्न गरेको थियो । निर्वाचित महासभासदको नामावली **अनुसूची - ५** मा उल्लेख गरिएको छ ।

## १२. श्री ५ बाट सम्बोधन

यस अवधिमा श्री ५ बाट संसदको दुवै सदनको संयुक्त बैठकलाई दुई पटक सम्बोधन भएको थियो । उक्त सम्बोधन पश्चात बसेको प्रतिनिधि सभाको बैठकमा श्री ५ बाट भएको सम्बोधनको प्रथम प्रकरण र अन्तिम प्रकरण पढेर सुनाई छलफलको लागि दिन तोकिने परम्परा रहेको थियो । त्यसपछि बसेको सभाको बैठकमा श्री ५ बाट भएको सम्बोधन प्रति धन्यवादको प्रस्ताव प्रस्तुत गरी उक्त सम्बोधनका बुँदाहरुमाथि छलफल भएको थियो । श्री ५ बाट देहायको मितिमा सम्बोधन भएको थियो :-

| क.सं | अधिवेशन | दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन | प्रतिनिधि सभामा सम्बोधन टेबुल |
|---|---|---|---|
| १ | प्रथम | २०१६/४/९ | २०१६/४/९ |
| २ | द्वितीय | २०१६/१२/१८ | २०१६/१२/१८ |

## १३. धन्यवादको प्रस्ताव

श्री ५ बाट संसदको दुवै सदनको संयुक्त बैठकमा सम्बोधन भैसकेपछि प्रतिनिधि सभाको बैठकले श्री ५ मा धन्यवादको प्रस्ताव पेश गरेको थियो । सम्बोधन पछि बसेको बैठकमा छलफलको मिति निर्धारण समेत गरिएको थियो । उक्त प्रस्तावमाथिको छलफलमा सदस्यहरुले भाग लिने क्रम सकिएपछि धन्यवादको प्रस्ताव स्वीकृत भएको थियो । यस अवधिमा प्रतिनिधि सभामा पेश भएको धन्यवादको प्रस्तावको विवरण देहाय बमोजिम रहेको छ :-

| अधिवेशन | मिति | प्रस्तुतकर्ता | प्रस्तावको व्यहोरा | प्रस्ताव छलफल मिति | प्रस्ताव स्वीकृत मिति |
|---|---|---|---|---|---|
| प्रथम | २०१६/४/१३ | श्री श्रीभद्र शर्मा | "प्रथम प्रतिनिधि सभाको यस प्रथम अधिवेशनमा एकत्रित भएका सदस्यहरु श्री ५ महाराजाधिराजबाट संसदका दुवै सदनहरुको संयुक्त बैठकमा श्रावण ९,२०१६ गतेका दिन बक्सेको कृपापूर्ण सम्बोधनको निमित्त मौसुफका समक्ष विनम्रता पूर्वक धन्यवाद अर्पण गर्दछन् ।" | २०१६/४/१३, १४, १५ ,१६ | २०१६/४/१६ |
| दोस्रो | २०१६/१२/२४ | श्री अच्युत राज रेग्मी | "प्रतिनिधि सभाको यस द्वितीय अधिवेशनमा एकत्रित भएका सदस्यहरु श्री ५ महाराजाधिराजबाट संसदका दुवै सदनहरुको संयुक्त बैठकमा २०१६ साल चैत्र १८ गतेका दिन बक्सेको कृपापूर्ण सम्बोधनको निमित्त मौसुफको समक्ष विनम्रतापूर्वक धन्यवाद अर्पण गर्दछन् ।" | २०१६/१२/२४, २५, २६, २९, ३० | २०१६/१२/३० |

## १४. प्रश्नोत्तर

प्रतिनिधि सभाको यस अवधिमा सदस्यहरुले विभिन्न बैठकमा विभिन्न मन्त्रालयसँग सम्बन्धित प्रश्नहरु सोध्ने गरेको र उक्त प्रश्नहरुको सम्बन्धित माननीय मन्त्रीबाट जवाफ दिने कार्य भएको थियो । अधिवेशन प्रारम्भ भएको केही दिनपछि अर्थात् नीति कार्यक्रममा छलफल चलिरहेको अवस्थामा पनि बैठकको प्रारम्भमा दैनिक रुपमा प्रश्नोत्तरको कार्यक्रम हुने गरेको थियो । प्रतिनिधि सभाको प्रथम अधिवेशन अवधिभर विभिन्न मन्त्रालयसँग सम्बन्धित २२२ प्रश्न र दोस्रो अधिवेशन अवधिभर ८९१ प्रश्न गरी जम्मा १११३ प्रश्न सोधिएको र सम्बन्धित माननीय मन्त्रीबाट जवाफ समेत प्राप्त भएको थियो । सो समयमा सदस्यहरुलाई शून्य समय, विशेष समय वा हात उठाएर बोल्ने सम्म दिइएको पाइएन ।

## १५. समिति सम्बन्धी विवरण

प्रतिनिधि सभाको प्रथम अधिवेशन अवधिभर विभिन्न तीनवटा समिति गठन भएको थियो जसमध्ये ९ सदस्यीय नियम समिति[१] र ११ सदस्यीय परामर्शदातृ

[१] सभाको नियमावलीको मस्यौदा गरी प्रतिवेदन पेश गर्न गठित समिति ।

समितिमा[£] माननीय सभामुख पदेन अध्यक्ष हुने व्यवस्था थियो । त्यसैगरी प्रतिनिधि सभाको दोस्रो अधिवेशनमा ९ सदस्यीय अनुमान समितिलाई पुनः गठन गरिएको थियो । उल्लिखित समितिमा रहनुहुने सदस्यहरुको नामावली निम्न बमोजिम रहेको छ :-

## नियम समिति

| क.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | श्री सभामुख | पदेन अध्यक्ष |
| २. | श्री विश्वबन्धु थापा | सदस्य |
| ३. | श्री बेनीबहादुर कार्की | सदस्य |
| ४. | श्री नागेश्वर प्रसाद सिंह | सदस्य |
| ५. | श्री तुलसीलाल अमात्य | सदस्य |
| ६. | श्री गणेशकुमार शर्मा | सदस्य |
| ७. | श्री दुर्गादत्त जोशी | सदस्य |
| ८. | श्री कृष्णबहादुर | सदस्य |
| ९. | श्री लोचन शम्शेर | सदस्य |

प्रथम अधिवेशन, गठन मिति : २०१६/०४/३०

## परामर्शदातृ समिति

| क.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | श्री सभामुख | पदेन अध्यक्ष |
| २. | श्री उपसभामुख | पदेन उपाध्यक्ष |
| ३. | श्री विश्वबन्धु थापा | सदस्य |
| ४. | श्री सरोज प्रसाद कोइराला | सदस्य |
| ५. | श्री सुरेन्द्र प्रसाद उपाध्याय | सदस्य |
| ६. | श्री कृष्णलाल लेखक | सदस्य |
| ७. | श्री कमलराज रेग्मी | सदस्य |
| ८. | श्री श्रीभद्र शर्मा | सदस्य |
| ९. | श्री त्रीवेणी कुर्मी | सदस्य |
| १०. | श्री पेशल कुमार पोखरेल | सदस्य |
| ११. | श्री दुर्गानन्दप्रसाद सिंह | सदस्य |

प्रथम अधिवेशन, गठन मिति : २०१६/०४/३०

[£] सभाध्यक्षलाई बैठक सञ्चालनको लागि आवश्यक परामर्श दिन गठित समिति ।

## अनुमान समिति (प्रथम अधिवेशन)

| क्र.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | श्री अच्युत राज रेग्मी | सदस्य |
| २. | श्री श्रीभद्र शर्मा | सदस्य |
| ३. | श्री विश्वबन्धु थापा | सदस्य |
| ४. | श्री सरोजप्रसाद कोइराला | सदस्य |
| ५. | श्री तुलसीलाल अमात्य | सदस्य |
| ६. | माननीय श्री सुवर्ण शम्शेर | सदस्य |
| ७. | माननीय श्री शिवप्रताप शाह | सदस्य |
| ८. | श्री भरत शम्शेर | सदस्य |
| ९. | श्री देववीर पाण्डे | सदस्य |

प्रथम अधिवेशन, गठन मिति : २०१६/०५/०१

## अनुमान समिति (दोस्रो अधिवेशन)

| क्र.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | श्री नागेश्वर प्रसाद सिंह | सदस्य |
| २. | श्री अच्युत राज रेग्मी | सदस्य |
| ३. | श्री पेशल कुमार पोखरेल | सदस्य |
| ४. | श्री खड्ग बहादुर कार्की | सदस्य |
| ५. | श्री दुर्गादत्त जोशी | सदस्य |
| ६. | श्री सरोज प्रसाद कोइराला | सदस्य |
| ७. | श्री बेनीबहादुर कार्की | सदस्य |
| ८. | श्री दुर्गानन्द प्रसाद सिंह | सदस्य |
| ९. | श्री त्रिवेणी कुर्मी | सदस्य |

गठन मिति : २०१७/०५/०४

प्रतिनिधि सभाको प्रथम र दोस्रो अधिवेशनमा गरी विभिन्न विधेयकमाथिको दफावार छलफल गर्नको लागि जम्मा ५ वटा प्रवर समितिको गठन गरिएको थियो । विभिन्न मितिमा सभाद्वारा गठित उक्त समितिमा रहनुहुने सदस्यहरुको नामावली यस प्रकार छ :-

## प्रवर समिति
(बिर्ता उन्मूलन विधेयक, २०१६ माथि छलफलको लागि)

| क.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | माननीय श्री सुवर्ण शम्शेर | सदस्य |
| २. | माननीय श्री गणेशमान सिंह | सदस्य |
| ३. | माननीय श्री होरा प्रसाद जोशी | सदस्य |
| ४. | श्री भरत शम्शेर | सदस्य |
| ५. | श्री चन्द्रलाल श्रेष्ठ | सदस्य |
| ६. | श्री भुदेव राई | सदस्य |
| ७. | श्री जगन्नाथ आचार्य | सदस्य |
| ८. | श्री तुलसीलाल अमात्य | सदस्य |
| ९. | श्री लोचन शम्शेर थापा | सदस्य |
| १०. | श्री नरबहादुर थापा | सदस्य |
| ११. | श्री सरोजप्रसाद कोइराला | सदस्य |

प्रथम अधिवेशन, गठन मिति : २०१६/०६/०८

## प्रवर समिति
(जलचर संरक्षण विधेयक, २०१७ माथि छलफलको लागि)

| क.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | माननीय खाद्य, कृषि तथा विकास मन्त्री | सदस्य |
| २. | माननीय गृह तथा कानून मन्त्री | सदस्य |
| ३. | श्री मणिराम शास्त्री | सदस्य |
| ४. | श्री मनमोहन मिश्र | सदस्य |
| ५. | श्री निस्तार राय यादव | सदस्य |
| ६. | श्री सरोजप्रसाद कोइराला | सदस्य |
| ७. | श्री वेनी बहादुर कार्की | सदस्य |
| ८. | डा. ज्ञानचन्द्र सरदार | सदस्य |
| ९. | श्री लिलानाथ दाहाल | सदस्य |
| १०. | श्री त्रिवेणी कुर्मि | सदस्य |
| ११. | श्री लोकेन्द्र बहादुर शाह | सदस्य |

दोस्रो अधिवेशन, गठन मिति : २०१७/०२/१७

## प्रवर समिति

(मादक पदार्थ विधेयक, २०१७ माथि छलफलको लागि)

| क्र.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | माननीय अर्थ मन्त्री | सदस्य |
| २. | माननीय कानून मन्त्री | सदस्य |
| ३. | श्री तुलसीलाल अमात्य | सदस्य |
| ४. | श्री तेजमान तुम्बाहाम्फे | सदस्य |
| ५. | श्री देवनाथ दास यादव | सदस्य |
| ६. | श्री भुदेव राई | सदस्य |
| ७. | श्री नरबहादुर थापा | सदस्य |
| ८. | श्री राधाकृष्ण थारु | सदस्य |
| ९. | श्री त्रिवेणी कुर्मि | सदस्य |
| १०. | श्री भिमप्रसाद श्रेष्ठ | सदस्य |
| ११. | श्री अच्युतराज रेग्मी | सदस्य |

दोस्रो अधिवेशन, गठन मिति : २०१७/०३/२०

## प्रवर समिति

(संसदको विशेषाधिकार विधेयक, २०१७ माथि छलफलको लागि)

| क्र.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | माननीय कानून मन्त्री | सदस्य |
| २. | माननीय संसदीय प्रबन्ध मन्त्री | सदस्य |
| ३. | श्री तुलसीलाल अमात्य | सदस्य |
| ४. | श्री लोचन शम्शेर थापा | सदस्य |
| ५. | श्री वेनी बहादुर कार्की | सदस्य |
| ६. | श्री सरोज प्रसाद कोइराला | सदस्य |
| ७. | श्री अच्युतराज रेग्मी | सदस्य |
| ८. | श्री डा. नागेश्वर प्रसाद सिंह | सदस्य |
| ९. | श्री गणेश कुमार शर्मा | सदस्य |
| १०. | श्री दुर्गादत्त जोशी | सदस्य |
| ११. | श्री पेशल कुमार पोखरेल | सदस्य |

दोस्रो अधिवेशन, गठन मिति : २०१७/०४/२५

## प्रवर समिति

(घुम्ती अदालत विधेयक, २०१७ माथि छलफलको लागि)

| क.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | माननीय अर्थ मन्त्री श्री सुवर्ण शम्शेर | सदस्य |
| २. | माननीय कानून तथा गृह मन्त्री श्री सूर्यप्रसाद उपाध्याय | सदस्य |
| ३. | श्री अच्युत राज रेग्मी | सदस्य |
| ४. | श्री सरोजप्रसाद कोइराला | सदस्य |
| ५. | श्री गणेश कुमार शर्मा | सदस्य |
| ६. | श्री नागेश्वर प्रसाद सिंह | सदस्य |
| ७. | श्री जगन्नाथ आचार्य | सदस्य |
| ८. | श्री तेजमान तुम्बाहाम्फे | सदस्य |
| ९. | श्री मनमोहन मिश्र | सदस्य |
| १०. | श्री ताराप्रसाद उपाध्याय | सदस्य |
| ११. | श्री त्रिवेणी कुर्मी | सदस्य |

दोस्रो अधिवेशन, गठन मिति : २०१७/०५/०९

## १६. सभामा प्रस्तुत प्रतिवेदन

प्रतिनिधि सभा प्रथम र दोस्रो अधिवेशन अवधिभर सभामा प्रस्तुत विभिन्न समितिको प्रतिवेदनको विवरण देहाय बमोजिम रहेको छ :-

| क.सं | अधिवेशन/ मिति | प्रस्तुतकर्ता | प्रतिवेदनको व्यहोरा |
|---|---|---|---|
| १. | प्रथम २०१६/६/१२ | मा. अर्थ मन्त्री सुवर्ण शम्शेर | बिर्ता जग्गा उन्मूलन गरी भूमिकर ठेक्नको निमित्त बनेको विधेयक सम्बन्धी प्रवर समितिको प्रतिवेदन |
| २. | दोस्रो २०१७/३/२० | मा. कृषि मन्त्री प्रेमराज आंगदम्बे | जलचरहरुको संरक्षण र तत्सम्बन्धी अरु कुराहरुको व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी प्रवर समितिको प्रतिवेदन |
| ३. | २०१७/४/२७ | मा. अर्थ मन्त्री सुवर्ण शम्शेर | मादक पदार्थ उत्पादन गर्ने, राख्ने, बिक्री वितरण गर्ने र निकासी पैठारी गर्ने कामलाई नियन्त्रण गर्ने व्यवस्थाको निम्ति बनेको विधेयक सम्बन्धी प्रवर समितिको प्रतिवेदन |

| क.सं | अधिवेशन/ मिति | प्रस्तुतकर्ता | प्रतिवेदनको व्यहोरा |
|---|---|---|---|
| ४. | २०१७/४/३१ | मा. कार्यकारी संसदीय प्रबन्ध मन्त्री<br>सूर्य प्रसाद उपाध्याय | संसदको विशेषाधिकार विधेयक सम्बन्धी प्रवर समितिको प्रतिवेदन |
| ५. | २०१७/५/१४ | मा. गृह तथा कानून मन्त्री<br>सूर्य प्रसाद उपाध्याय | घुम्ती अदालत विधेयक, २०१७ सम्बन्धी प्रवर समितिको प्रतिवेदन |
| ६. | २०१७/४/२६ | अर्थ मन्त्री<br>सुवर्ण शम्शेर | २०१६/१७ को अनुमान समितिको प्रतिवेदन |

## १७. सभामा पेश भएका अध्यादेश

प्रतिनिधि सभाको दोस्रो अधिवेशनमा निम्नलिखित अध्यादेशहरु सभाको बैठकमा टेबुल भएका थिए :-

| क.सं. | मिति | अध्यादेश | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | २०१६/१२/२६ | व्यापार मुनाफा र पारिश्रमिक कर अध्यादेश, २०१६ | माननीय गृहमन्त्री श्री सूर्यप्रसाद उपाध्याय |
| २. | " | सम्पत्ति कर अध्यादेश, २०१६ | " |
| ३. | " | राज्य अदालत उन्मुलन अध्यादेश, २०१६ | " |
| ४. | " | सर्वोच्च अदालत ऐन, २०१३ (संशोधन) अध्यादेश, २०१६ | " |
| ५. | " | जग्गाकर अध्यादेश, २०१६ | " |

## १८. विधेयक सम्बन्धी विवरण

दुवै सदनमा विधेयक दर्ता भएपछि दर्ता भएको विधेयकलाई सभामा अनुमति माग्ने प्रस्ताव पेश गरिसकेपछि विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथि छलफल र अन्त्यमा सम्बन्धित मन्त्रीबाट जवाफ दिने गरिएको पाइन्छ । विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावको स्वीकृत भएपछि विधेयकका प्रत्येक दफामा छलफल

हुने र संशोधन प्रस्तुत नभएका दफाहरु भने एकमुष्ट निर्णयार्थ प्रस्तुत गर्ने र विधेयक संशोधन सहित वा संशोधन विना सभाबाटै प्रत्येक दफा, उपदफा, अनुसूची, प्रस्तावना र नामलाई छुट्टाछुट्टै अंश बनाई पारित भइसकेपछि अर्को सभामा पठाउने गरिन्थ्यो । अधिकांश विधेयकहरु संशोधन सहित दफावार छलफल सभामै भएको देखिन्छ भने केही विधेयकमाथि छलफल गर्न प्रवर समिति गठन गरी सो समितिमा पठाउने गरिन्थ्यो ।

सभामा दफावार छलफल गर्दा विधेयकको दफा १, प्रस्तावना र नाम बाहेकका दफाहरु माथिको छलफल प्रारम्भ भई कुनैपनि दफालाई विधेयकको अंश बनाउनु अगाडि संशोधनकर्ताले संशोधन राख्ने र निर्णयमा लैजाने गरेको पाइन्छ । अन्त्यमा विधेयकको सबै दफाहरु अंश बनिसकेपछि दफा १, प्रस्तावना र नामलाई अंश बनाई विधेयक पारित गर्ने प्रचलन थियो । त्यसैगरी विधेयकमाथि छलफल गर्न प्रवर समिति गठन भएकोमा भने समितिले सभाबाट प्राप्त कार्यावधि भित्र उक्त विधेयकको प्रत्येक दफाहरुमा छलफल गरी प्रतिवेदन सभामा प्रस्तुत गर्ने र सभामा प्रतिवेदन सहितको विधेयकमाथि दफावार छलफल हुने गरेको पाइन्छ ।

एउटा सभाबाट पारित विधेयकलाई अर्को सभामा सन्देश सहित पठाउने र त्यस्तो सन्देश सभाको सचिवद्वारा पढेर सुनाउने गरेको पाइन्छ । एउटा सभामा उत्पत्ति भएको विधेयकमाथि अर्को सभाले संशोधन गरी पठाएमा उक्त संशोधन स्वीकार भए नभएको जानकारी सम्बन्धित सभालाई दिने गरेको पाइन्छ ।

**प्रतिनिधि सभामा छलफल भएका विधेयक**

प्रतिनिधि सभाको प्रथम अधिवेशनमा जम्मा १० वटा विधेयकहरु पारित भएको थियो जसमध्ये ६ वटा विधेयक प्रतिनिधि सभामा र ४ वटा विधेयक महासभामा उत्पत्ति भएको थियो । यस अवधिमा सभाले ३ वटा विधेयकलाई संशोधन विना सदनमा दफावार छलफल गरी पारित गरेको थियो भने ६ वटा विधेयकलाई संशोधन सहित सदनमा दफावार छलफल गरी पारित गरेको थियो । त्यसमध्ये “बिर्ता उन्मूलन विधेयक, २०१६” लाई सभाले प्रवर समिति गठन गरी छलफलको लागि उक्त समितिमा पठाएको थियो भने समितिको प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदन सहित पारित गरेको थियो । त्यसैगरी महासभाबाट प्राप्त “संस्था रजिष्ट्रेशन विधेयक, २०१६” माथि प्रतिनिधि सभाले गरेको संशोधनलाई महासभाले स्वीकार गरेको थियो ।

प्रतिनिधि सभाको दोस्रो अधिवेशनमा जम्मा २९ वटा विधेयकहरु पारित भएका थिए । जसमध्ये २८ वटा विधेयक प्रतिनिधि सभामा र "जन प्रतिनिधित्व (तेस्रो संशोधन) विधेयक, २०१७" विधेयक मात्र महासभामा उत्पत्ति भएको थियो । यस अवधिमा सभाले ९ वटा विधेयकलाई संशोधन विना सदनमा दफावार छलफल गरी पारित गरेको थियो भने १६ वटा विधेयकलाई संशोधन सहित सदनमा दफावार छलफल गरी पारित गरेको थियो । सभाले ४ वटा विधेयकलाई प्रवर समितिमा छलफलको लागि पठाएकोमा समितिको प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदन सहित पारित गरेको थियो । त्यसैगरी प्रतिनिधि सभामा उत्पत्ति भएका ४ वटा विधेयकमाथि महासभाले गरेको संशोधनलाई सभाले स्वीकृति दिएको थियो भने महासभामा उत्पत्ति भएको "जन प्रतिनिधित्व (तेस्रो संशोधन) विधेयक, २०१७" माथि प्रतिनिधि सभाले गरेको संशोधनलाई महासभाले स्वीकार गरेको थियो ।

सो अवधिको विधेयक सम्बन्धी विस्तृत विवरण **अनुसूची - २** मा राखिएको छ ।

## १९. वार्षिक बजेट

### राजश्व र व्ययको अनुमान (आर्थिक विवरण)

संविधानको धारा ४६ मा श्री ५ बाट प्रत्येक आर्थिक वर्षमा प्रतिनिधि सभामा (क) गत आर्थिक वर्षको उपलब्ध स्रोतबाट राजस्वको अनुमान, (ख) कर सम्बन्धी कानूनमा प्रस्तावित परिवर्तनको प्रभाव, (ग) सञ्चित कोष प्रति व्ययभार भएको चाहिंदो रकमहरू, (घ) संसदको मतदानले व्यय हुने चाहिँदो रकमहरू, र (ङ) ऋणको रूपमा व्यवस्था गरिएको रकमहरू खुलाई आर्थिक विवरण पेश गर्न लगाउने व्यवस्था थियो । संविधानको सोही व्यवस्था बमोजिम प्रतिनिधि सभाको बैठकमा माननीय अर्थमन्त्रीबाट आर्थिक वर्ष २०१६/१७ र आर्थिक वर्ष २०१७/१८ को राजश्व र व्ययको अनुमान ( आर्थिक विवरण) पेश भएको थियो । उक्त राजश्व र व्ययको वार्षिक अनुमान (आर्थिक विवरण) माथि विभिन्न मितिमा छलफल पश्चात माननीय अर्थमन्त्रीले जवाफ दिइएको थियो । प्रतिनिधि सभाको यस अवधिमा प्रस्तुत आर्थिक विवरण निम्नलिखित रहेको छ ।

| अधिवेशन | आर्थिक वर्ष | प्रस्तुतकर्ता | प्रस्तुत मिति | छलफल मिति | जवाफ मिति |
|---|---|---|---|---|---|
| प्रथम | २०१६/१७ | माननीय अर्थ मन्त्री सुवर्ण शम्शेर | २०१६/३/२५ | २०१६/३/२९, ३०, ४/१ | २०१६/४/१ |
| दोस्रो | २०१७/१८ | माननीय अर्थ मन्त्री सुवर्ण शम्शेर | २०१७/३/२४ | २०१७/३/२९, ३०, ३१ | २०१७/३/३१ |

### विनियोजन विधेयक

यस अवधिभर सभाको प्रथम र दोस्रो अधिवेशनमा प्रस्तुत भएको विनियोजन विधेयक अन्तर्गत विभिन्न मन्त्रालयहरुको विभिन्न शीर्षकमाथि सभामा संशोधन सहित छलफल भएका थिए । उक्त शीर्षकमाथि सम्बन्धित माननीय मन्त्रीहरुबाट छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिए पश्चात विनियोजन विधेयक पारित भएको थियो । सो अवधिमा पेश भएका विनियोजन विधेयक र छलफल तथा पारित सम्बन्धी विवरण निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :-

| अधिवेशन | प्रस्तुतकर्ता | प्रस्तुत | छलफल | जवाफ | पारित |
|---|---|---|---|---|---|
| प्रथम | माननीय अर्थ मन्त्री सुवर्ण शम्शेर | २०१६/५/५ | २०१६/५/१५, १६, १७, १८ | २०१६/५/१८ | २०१७/५/१८ |
| दोस्रो | माननीय अर्थ मन्त्री सुवर्ण शम्शेर | २०१७/३/२३ | २०१७/४/१०, ११, १२, १७, १८, १९, २० | २०१७/५/११, १७, १९, २० | २०१७/८/९ |

## २०. विदेशबाट प्राप्त सन्देश

प्रतिनिधि सभाको प्रथम अधिवेशन अवधिमा मित्रराष्ट्र भारत, वेलायत र अमेरिकी संसद तथा सभामुखबाट सन्देशहरु प्राप्त भएका थिए । ती सन्देशहरु प्रतिनिधि सभाका माननीय सभामुखबाट बैठकमा पढेर सुनाइएको थियो । विभिन्न मित्रराष्ट्रबाट प्राप्त सन्देश सम्बन्धी विवरण निम्नानुसार रहेको छ :-

| क.सं. | मिति | सन्देशको विवरण |
|---|---|---|
| १. | २०१६/३/१९ | हाउस अफ कमन्स, वेलायतका सभामुख श्री डब्लु एस मोरिसनः *"नेपालमा प्रथम निर्वाचित संसदको प्रतिस्थापनको अवसरमा सभामुख लगायत सवै सदस्यहरुलाई अभिवादन र मित्रताको सन्देश पठाउँदै तपाईको भावी सरकार र प्रतिनिधि रोज्ने क्रममा भएको निर्वाचन महत्वपूर्ण अध्याय हो, नेपाली जनताको उत्साहको धेरै प्रसंसा गर्दछु । मौलिक हकको रक्षा र कदर गरिने शासन व्यवस्था को शुभकामना ।"* |
| २. | २०१६/४/९ | भारतीय लोकसभाका सभामुख श्री अनन्तसयनम आयंगहो र भारतीय संसदको तर्फबाट पठाइएको सन्देशः *"संसद उद्घाटनको अवसरमा लोकसभा र आफ्नो तर्फबाट श्री ५ र नेपालको संसद, नेपाली जनताप्रति हार्दिक शुभकामना तथा* |

| क.सं. | मिति | सन्देशको विवरण |
|---|---|---|
| | | *सुभेक्षा । "* |
| ३. | २०१६/४/९ | संयुक्त राज्य अमेरिकी संसदको तर्फबाट पठाइएको सन्देशः *"५४००० वर्गमिल भन्दा बढी क्षेत्र तथा ८५ लाख भन्दा बढी जनसंख्या भएको स्वाधिन र स्वतन्त्र नेपाल अधिराज्य संयुक्त राष्ट्रसंघको सदस्य भएको र नेपाल नरेशले एकल वालिग पदाधिकारद्वारा चुनिएका सदस्यहरु र मनोनीत सदस्यहरु रहने गरी १९५९ फेब्रुअरीमा संविधान लागू गरिवक्सेकोमा, अप्रिल ३, १९५९ मा स्वतन्त्र आम निर्वाचन भएकोमा मैत्रिपूर्ण अभिनन्दन, सफलताको हार्दिक शुभकामना ।"* |

## २१. सभामा प्रस्तुत प्रस्तावहरु

### संकल्प प्रस्ताव

तत्कालीन संसदका दुवै सदनमा राष्ट्रिय, अन्तर्राष्ट्रिय समस्या एवं जनताका गुनासो सम्बोधन गर्न सदस्यहरुबाट सदनमा मूलतः संकल्पको माध्यमबाट छलफलमा ल्याउने गरेको देखिन्छ । प्रतिनिधि सभाको प्रथम र दोस्रो अधिवेशनमा सदस्यहरुबाट थुप्रै संकल्प प्रस्तावहरु प्रस्तुत भएको थियो । संकल्प प्रस्तावको सूचना दिएपछि छलफलमा ल्याउने प्रचलन रहेको देखिन्छ । छलफलमा आएका संकल्पहरु स्वीकृत, संशोधन सहित स्वीकृत, प्रस्ताव फिर्ता वा अस्वीकृत पनि भएको पाइन्छ । सभामा प्रस्तुत संकल्प प्रस्तावहरुको विवरण **अनुसूची - ३** मा राखिएको छ ।

### कार्य स्थगन प्रस्ताव

प्रतिनिधि सभाको प्रथम र दोस्रो अधिवेशन अवधिभर बैठकमा विभिन्न मितिमा कार्य स्थगन प्रस्ताव प्रस्तुत भएका थिए । चालु दिनको बैठकको कार्यसूचीको कार्यक्रम स्थगित गरी अत्यन्त जरुरी सार्वजनिक महत्वको विषय दर्शाई उक्त विषयमा छलफल गर्न सभाको अन्य कारवाही स्थगित गरियोस् भनी कार्य स्थगन प्रस्ताव प्रस्तुत हुने गरेको थियो । उक्त अवधिमा प्रस्तुत कार्य स्थगन प्रस्तावहरुको विवरण **अनुसूची - ४** मा राखिएको छ ।

### विवादान्त प्रस्ताव

प्रतिनिधि सभाको बैठकमा कुनै विषयमाथि छलफल भैरहेको अवस्थामा छलफल अनावश्यक लम्बिएको महशुस गरी उक्त छलफललाई तत्काल अन्त्य गर्ने कार्यको लागि सदस्यहरुबाट विवादान्त प्रस्ताव राख्ने गरिएको थियो । सदस्यहरुबाट कुनै विषयको छलफल अन्त गर्नको लागि ल्याइएको विवादान्त प्रस्ताव स्वीकृत भएमा सो विषयमाथिको छलफल तत्काल स्थगित हुने गरेको थियो । यस अवधिमा सभामा प्रस्तुत विवादान्त प्रस्तावहरुको विवरण देहाय बमोजिम रहेको छ :-

| क.सं | अधिवेशन / मिति | प्रस्तुतकर्ता | प्रस्तावको व्यहोरा | कारवाही |
|---|---|---|---|---|
| १. | प्रथम २०१६/५/४ | श्री बेनी बहादुर कार्की | आर्थिक विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव माथि छलफल गर्न तयार नभएकोले सभा भोलीसम्मका लागि स्थागित होस् । | माननीय प्रधानमन्त्रीले सरकारी पक्षलाई आपत्ति नभएको भन्नुभएपछि बैठक स्थगित |
| २. | दोस्रो २०१७/१/१० | श्री मृगेन्द्र शम्शेर | श्री सुरेन्द्र उपाध्यायद्वारा प्रस्तुत दक्षिण अफ्रिकामा पुलसीद्वारा भएको गोलीकाण्डको निन्दा गर्दै रंगभेद नीतिद्वारा पिडितप्रति सहानुभूती प्रकट गर्दै संकल्पको छलफल अन्त्य गर्न । | माननीय उपसभामुखबाट पर्याप्त छलफल नभैसकेको भनी अस्वीकृत |
| ३. | दोस्रो २०१७/१/२४ | श्री अच्युतराज रेग्मी | श्री तेजमान तुम्वाहाम्फेद्वारा प्रस्तुत आर्थिक सहायता निर्वाचन क्षेत्रमा समान वितरण हुनुपर्ने सम्बन्धी संकल्पमाथि छलफल अन्त्य गर्न । | प्रस्ताव स्वीकृत |
| ४. | दोस्रो २०१७/३/१३ | माननीय गृह तथा कानून मन्त्री सूर्यनाथ उपाध्याय | गाउँ पञ्चायत ऐनलाई संशोधन गर्न बनेको विधेयकमा छलफल अन्त्य गरी बैठक आगामी असार २० सम्म स्थगित होस् । | प्रस्ताव स्वीकृत |

**अन्य प्रस्ताव**

प्रतिनिधि सभाको प्रथम र दोस्रो अधिवेशन अवधिभर बैठकमा विभिन्न मितिमा माथि उल्लेखित बाहेक अन्य प्रस्तावहरु पनि प्रस्तुत भएका थिए । प्रथम अधिवेशनमा प्रस्तुत भएका सभा स्थगित गर्ने र कृतज्ञता जाहेर गर्ने दुईवटा प्रस्ताव सभाबाट स्वीकृत भएको थियो भने दोस्रो अधिवेशनमा प्रस्तुत भएको एउटा प्रस्तावमा छलफल भै श्री अच्युतराज रेग्मीबाट प्रस्तुत संशोधन प्रस्ताव सहित स्वीकृत भएको थियो । सभामा पेश भएका प्रस्ताव सम्बन्धी विवरण निम्नानुसार छ :-

| क्र.सं | प्रस्तुत र पारित मिति | प्रस्तुतकर्ता | प्रस्तावको व्यहोरा |
|---|---|---|---|
| १. | २०१६/४/१६ | माननीय बिश्वेश्वर प्रसाद कोइराला | स्व. महाकवि श्री लक्ष्मीप्रसाद देवकोटाको निधन भएकोमा शोक प्रस्ताव भएपछि सम्मान स्वरुप बैठक २०१६ साल श्रावण २५ गते दिउँसो ३ बजे सम्मका लागि स्थगित होस् । |
| २. | २०१६/५/२४ | श्री श्रीभद्र शर्मा | महान मित्र राष्ट्र संयुक्त राज्य अमेरिकाको संसदले नेपल अधिराज्यमा स्थापना भएको सर्वप्रथम संसदको उद्घाटनको अवसरमा पठाएको सौहार्दपूर्ण शुभेच्छाको सन्देशका लागि कृतज्ञता ज्ञपन गर्दै यो सभा अमेरिकी संसदलाई पनि आफ्नो अत्यन्त हार्दिक शुभकामना पठाउँदछ तथा यो विश्वास व्यक्त गर्दछ कि नेपालमा संसदीय शासनको स्थापनाले गर्दा अमेरिका र नेपालका बीच भइरहेको सुखद मैत्री सम्बन्ध झन् दृढ हुँदै जानेछ । |
| ३. | २०१७/३/२१ | श्री भरत शम्शेर | नेपाल चीन सीमामा हालै भएको घटना माथि विचार गरियोस् । |

## २२. आधा घण्टाको छलफल

नियमावली बमोजिम सभामा दिइएका मौखिक र लिखित उत्तरसँग सम्बन्धित तथ्यमा अझ बढी स्पष्ट हुन र व्याख्या गर्न चाहेमा सदस्यले सोही विषयमा आधा घण्टाको छलफल गरियोस् भन्ने व्यवस्था भएको र सो अनुसार प्रतिनिधि सभाको दोस्रो अधिवेशनमा चार पटक विभिन्न विषयहरुमा उक्त छलफल भएको थियो । उक्त अवधिमा भएको आधा घण्टाको छलफल सम्बन्धी विवरण निम्नानुसार रहेको छ :-

| क.सं | मिति / अधिवेशन | विषय | कारवाहीको विवरण |
|---|---|---|---|
| १ | २०१७/२/४ दोस्रो | बनेपा अग्निकाण्डका सम्बन्धमा | श्री सुरेन्द्र प्रसाद उपाध्यायले वक्तव्य दिनुभएको र माननीय गृह मन्त्री श्री सूर्यप्रसाद उपाध्यायले उत्तर दिनुभएको |
| २ | २०१७/३/१ दोस्रो | नेपाल ऐकेडेमीलाई दिइएको अनुदान सम्बन्धमा | श्री अच्युतराज रेग्मीले वक्तव्य दिनुभएको र माननीय कार्यकारी अर्थ मन्त्रीले उत्तर दिनुभएको |
| ३ | २०१७/३/८ दोस्रो | देशभरीमा अग्नी पीडित जनताको अवस्थाको सम्बन्धमा | श्री तारा प्रसाद उपाध्यायले वक्तव्य दिनुभएको र माननीय सहायक गृह मन्त्री श्री देवानसिंह राईले उत्तर दिनुभएको |
| ४ | २०१७/५/१७ दोस्रो | सागरनाथ जंगलको रुख कटानी सम्बन्धमा | श्री निस्तार राय यादवले बोल्नुभएको र माननीय गृह तथा कानून मन्त्री श्री सूर्यप्रसाद उपाध्यायले उत्तर दिनुभएको |

## २३. विशेषाधिकारको प्रश्न

संविधानको धारा ३८ मा संसदको विशेषाधिकारको विषय उल्लेख गरिएको थियो । सो बमोजिम प्रतिनिधि सभाको बैठकमा वा त्यहाँको कुनै समितिमा बोलेको कुनै कुरा अथवा दिएको कुनै मतको विषयलाई लिएर वा सदनले दिएको अधिकार अन्तर्गत कुनै रिपोर्ट वा अन्य कागजपत्र वा मतदान वा कार्यवाही प्रकाश गरेको विषयलाई लिएर प्रतिनिधि सभाका सदस्यहरुमाथि कुनै अदालतमा कारवाई चलाउन नपाइने कुरा उल्लेख थियो । प्रतिनिधि सभाको यस अवधिमा सदस्यहरुले बैठकमा उठाउनु भएको विशेषाधिकार सम्बन्धी प्रश्न सम्बन्धी विवरण निम्नानुसार रहेको छ :-

| क.सं. | अधिवेशन / मिति | विशेषाधिकारको विषय | कारवाहीको विवरण |
|---|---|---|---|
| १. | दोस्रो २०१६।१२।२६ | श्री भरत शम्शेरले प्रतिनिधि सभा सदस्य श्री ललित बहादुर घलेको गिरफ्तारीको सम्बन्धमा प्रश्न उठाएको | माननीय सभामुखले संविधानको धारा ३८ मा व्यवस्था भैरहेको संसदको विशेषाधिकार भित्र उक्त प्रश्न नपर्ने भन्नुहुँदै विशेषाधिकार सम्बन्धी विधेयक सरकारी पक्षबाट चाँडै गरिनेछ भन्नुभयो |

## २४. बैठकमा नियमापत्ति

प्रतिनिधि सभाको प्रथम र दोस्रो अधिवेशनमा सदस्यहरुबाट प्रचलित संविधान, ऐन, नियम बमोजिम सभामा कार्य भैरहेको छैन भनी गरिएका नियमापत्तिको विवरण निम्न बमोजिम छः-

| क.सं | मिति | नियमापत्ति गर्ने सदस्य | नियमापत्तिको विषय | अधिवेशन |
|---|---|---|---|---|
| १ | २०१६/४/१३ | श्री भरत शम्शेर | माननीय नागेश्वर प्रसाद सिंहले बोल्ने क्रममा हिन्दीमा बोल्नु भएकोले सदनमा हिन्दी भाषामा बोल्न नपाइने कुरामा आपत्ति । | प्रथम |
| २ | २०१७/१/७ | " | माननीय कार्यकारी अर्थ मन्त्रीले “राष्ट्र बैंक ऐनलाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस्” भन्ने प्रस्ताव पेश हुनु भन्दा २ दिन अघिनै विधेयकका प्रतिहरु सदस्यहरुलाई प्राप्त नभएको भनी नियमापत्ति । | दोस्रो |

## २५. सदनमा भएका निर्देश एवं ध्यानाकर्षण

सभामुखमा अन्तरनिहित विशेषाधिकार अन्तर्गत सभामुखले विभिन्न समयमा सम्बन्धित पक्षलाई ध्यानाकर्षण तथा निर्देश गर्ने परम्परा रहेको थियो । सो बमोजिम उक्त अवधिभर सभामुखबाट सदनमा विधेयक छलफलको प्रक्रिया, सदस्यले कुनै विषयमा बोल्दा एकपटक मात्र बोल्न पाउने विषय, कार्यस्थगनको प्रस्ताव अस्वीकृत गर्नाको सैद्धान्तिक व्याख्या, विपक्षी दलको नेताको सम्मान र सुविधाको विषय जस्ता कुराहरुमा दिनुभएको निर्देश र ध्यानाकर्षणहरु देहाय बमोजिम रहेको छ ।

| सि.नं | ध्यानाकर्षणको विषय | अधिवेशन / मिति |
|---|---|---|
| १. | श्री नागेश्वर प्रसाद सिंहले धन्यवादको प्रस्तावको समर्थनमा हिन्दीमा बोल्दा श्री भरत शम्शेरले हिन्दी भाषामा बोल्न पाउने नपाउने सम्बन्धमा सभामुखको निर्णय माग गर्नुहुंदा माननीय सभामुखद्वारा संविधान अनुसार राष्ट्र भाषा नेपाली भएकोले, लेखापढी सम्बन्धी समस्त काम चाँही नेपाली मै हुनु पर्दछ, साथै धेरै सदस्यहरुलाई | प्रथम<br>२०१६/४/१३ |

| सि.नं | ध्यानाकर्षणको विषय | अधिवेशन / मिति |
|---|---|---|
| | नेपालीको ज्ञान नभएकोले हाललाई उक्त सदस्यहरुले हिन्दीमा बोल्न सम्म सक्नुहुने र उहाँहरुले नेपाली सिक्नुपर्नेछ भनी जानकारी दिनुभएको । | |
| २. | माननीय सभामुखद्वारा प्रतिनिधि सभा नियमावलीको नियम १६ अनुसार श्री ५ बाट संसदको दुवै सदनलाई बक्सेको सम्बोधन माथि छलफल गर्न सभा स्वतन्त्र रहेको र सामान्यतः एउटा प्रस्तावमा एक जना सदस्यले केवल एक पटक मात्र बोल्न सक्नुहुने भनी घोषणा गर्नुभएको । | २०१६/४/१३ |
| ३. | माननीय सभामुखद्वारा विधेयकको दफा दफा माथि विचार सम्बन्धी कार्यविधि अनुसार दफा २ देखि प्रारम्भ गरिने र सबै दफाहरु समाप्त भैसकेपछि अन्तमा दफा १ को प्रस्तावना र नाम लिइने एवम् संशोधन पेश गर्ने सम्बन्धमा कुनै दफामा प्राप्त संशोधनहरु सो दफा विचाराधीन हुँदा एक एक गरी पेश गरिने, साथै पेश भैसकेपछि उक्त दफा तथा संशोधनहरुमा एक साथ छलफल गरिने र अन्तमा सम्बन्धित माननीय मन्त्रीले बोली सकेपछि एक एक गरी उक्त संशोधनहरु निर्णयार्थ प्रस्तुत गरिने भनी घोषणा गर्नुभएको । | २०१६/५/८ |
| ४. | संसदीय परम्परा अनुसार समान्यतः लिखित भाषण मा पढ्न नपाइने तथा सभामा हुने छलफलमा गतिशिलता ल्याउनको निम्ति नै यो परम्परा अपनाइएको, सभामा आएर सदस्यहरुले पहिले नै तयार भएको भाषण पढी मात्र दिने हो भने सभामा हुने छलफलमा पेश गरिएका तर्कहरुकमा सम्बन्धमा विचारको राम्रो आदान प्रदान नहुने भन्नुहूँदै माननीय सभामुखद्वारा सदस्यहरुले लिखित भाषाहरु पढ्न नपाउने तर सदस्यहरुले आफ्नो सम्झनाको निमित्त तयार गर्नुभएको टिप्पणीहरु प्राविधिक विषयमा बोल्दा भने आवश्यक लागेमा उपर्युक्त बन्देजलाई खुकुलो पारी दिने घोषणा गर्नुभएको । | २०१६/५/१७ |
| ५. | माननीय सभामुखद्वारा कार्यसूचीमा जम्मा ३१ जना सदस्यहरुको नाममा रहेको संकल्पको उल्लेख गर्दै संसदीय परिपाटी अनुसार आर्थिक विषय प्रारम्भ गर्ने अधिकार राष्ट्रको सर्वोच्च शासकमा निहित हुने र राष्ट्रको सर्वोच्च शासकले सो अधिकार आफ्ना मन्त्रीहरुको सल्लाह अनुसार प्रयोग गर्ने तथा यसै सिद्धान्त अनुसार सरकारी कोषबाट रुपियाँ खर्च हुने कुरा अथवा जनतामाथि नयाँ कर लगाउने वा भैराखेको करलाई बढाउने कुरा सभामा पेश गर्नका निम्ति सर्वोच्च शासकको सिफारिस चाहिने र विना सिफारिस प्रस्तुत गर्न नपाइने कुराको जानकारी गराउनु भएको । | २०१६/५/२६ |
| ६. | माननीय होराप्रसाद जोशीले बोल्नुहुँदा प्रयोग गर्नुभएको “असत्य” भन्ने शब्द असंसदीय हो भनी आपत्ति गरिएकोमा माननीय सभामुखद्वारा उक्त शब्द असंसदीय भनी निर्णय गर्नुभएको । | २०१६/६/१ |

| सि.नं | ध्यानाकर्षणको विषय | अधिवेशन / मिति |
|---|---|---|
| ७. | संशोधन विधेयक माथि विचार हुँदा सो विधेयकमा उल्लेख नगरिएका मूल ऐनका अरु दफाहरु माथि संशोधन पेश गर्न पाइने-नपाइने भनी प्रश्न उठेकोमा माननीय सभामुखद्वारा विधेयकको प्रस्तावनामा उल्लेख गरिएका कुराहरु भित्र रहेर मूल ऐनका अरु दफाहरु माथि पनि संशोधन पेश गर्न नियमानुकूल हुने जानकारी गराउनु भएको । | २०१६/६/१८ |
| ८. | माननीय सभामुखद्वारा धन्यवादको प्रस्ताव माथिको छलफलको अवधिलाई चैत्र ३० गते एक दिन बढाइएको घोषणा । | दोस्रो<br>२०१६/१२/२९ |
| ९. | श्री रुद्रप्रसाद गिरीको संकल्प प्रस्तावमाथिको छलफलको क्रममा श्री मृगेन्द्र शम्शेरले विवादान्त प्रस्ताव प्रस्तुत गरेपछि माननीय सभामुखले प्रस्तावमाथि पर्याप्त छलफल भैनसकेको भनी छलफल जारी रहन्छ भन्नुभएको । | २०१७/१/१० |
| १०. | माननीय सभामुखले प्रतिनिधि सभा सदस्य श्री तुलसीलाल अमात्यलाई सुरक्षा कानून, २०१७ को दफा २ को (क) बमोजिम गिरफ्तार गरिएको विषयमा ललितपुर मेजिष्ट्रेटबाट प्राप्त पत्रको जानकारी गराउनु भएको । | २०१७/१/८ |
| ११. | माननीय सभामुखद्वारा सभाले केही दिन अगाडि पूरक आर्थिक विवरण माथि दुई दिन छलफल गरिसकेको र यसमा आय सम्बन्धी कुनै प्रस्तावहरु नरहेकोले सभाले आज पूरक विनियोजन विधेयक माथि साधारण विचार गर्ने तथा भोलि र पर्सि दुई दिन सम्ममा सभाले यसको दफा दफा माथि विचार गरी विधेयक माथि छलफल समाप्त गर्नेछ भनी घोषणा गर्नुभएको । | २०१७/२/१८ |
| १२. | माननीय सभामुखद्वारा सदनमा सोधिएको कुनै प्रश्नको ठूलो सार्वजनिक महत्वको कुरा माथि छलफल गर्नको निम्ति प्रतिनिधि सभा नियमावलीको नियम ८४ अनुसार प्रत्येक मंगलबार ५.३० बजेदेखि ६ बजेसम्मको समय तथा सभाको कार्य सो भन्दा पहिले समाप्त भएमा त्यसपछिको आधा घण्टा समय तोक्नुभएको घोषणा | २०१७/२/३ |
| १३. | माननीय सभामुखद्वारा गत गैर सरकारी दिन २०१७ जेष्ठ २८ गते शुक्रबारको बैठकको कार्यसूचीमा लेखिएका बिषयहरु माथि २०१७ आषाढ २, २०१७ को बैठकमा छलफल हुने घोषणा भएको, | २०१७/३/१ |
| १४. | माननीय सभामुखद्वारा संसदीय शासन प्रणालीमा विरोधी पक्षको विशेष महत्व र स्थान हुन्छ । संसद भित्रको विरोध रचनात्मक, उत्तरदायित्वपूर्ण र सुव्यवस्थित ढंगले होस् भन्नाका लागि संसदीय कार्यविधि र परम्परा अनुसार विरोधी दललाई औपचारिक मान्यता दिइने चलन छ । यस्तो | २०१७/३/४ |

| सि.नं | ध्यानाकर्षणको विषय | अधिवेशन / मिति |
|---|---|---|
| | मान्यताको फलस्वरुप विरोधी दलको नेतालाई मर्यादा र केही सुविधाहरु दिइन्छ र उहाँमाथि जिम्मेवारी पनि पर्न आउँछ । उपर्युक्त कुरालाई ध्यानमा राखी सरकारको विपक्षमा रहेका सबैभन्दा ठूलो पार्टी नेपाल राष्ट्रवादी गोरखा परिषद्का नेता भरत शम्शेरलाई विरोधी दलको नेताको रुपमा मान्यता दिएको छु । यसले गर्दा उहाँको जिम्मेवारी बढ्न गएको छ र मलाई आशा छ कि उहाँले सो जिम्मेवारी संसदीय परम्परा अनुकुल ढंगले निभाउनु हुन्छ म उहाँलाई बधाई दिन्छु भन्नुभयो । | |
| १५. | माननीय श्री निलाम्वर पन्थीले बोल्ने क्रममा प्रयोग गर्नुभएको "अवसरवादी" भन्ने शब्द कुनै सदस्यको चरित्रको सम्बन्धमा असंसदीय हो भनेर माननीय उपसभामुखबाट रुलिङ भएको, | २०१७/४/७ |
| १६. | माननीय सभामुखद्वारा विनियोजन विधेयकको अनुसूची माथिका संशोधनहरुका सम्बन्धमा गत बर्ष भन्दा केही भिन्न कार्यविधि अपनाइने, यसपालि एकजना माननीय मन्त्रीको विभाग सम्बन्धी शीर्षकमा पहिले पेश गरिने र ती माथि छलफल भई माननीय मन्त्रीले उत्तर दिनुभएपछि ती संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गरिनेछ, त्यसपछि अर्को माननीय मन्त्रीको विभागसँग सम्बन्धित विषयहरु माथिको संशोधन लिइनेछ तथा विनियोजन विधेयकको दफा दफा माथि विचार हुने दिनहरुमा, कुन कुन विषयसँग सम्बन्धित संशोधनहरु सामान्यत लिइने छन् सो पनि मैले तोकेको छु भनी घोषणा भएको, | २०१७/४/१० |
| १७. | माननीय सभामुखद्वारा विनियोजन विधेयक, २०१७ माथि छलफल गर्नको लागि अरु ३ दिन थपिएको घोषणा भएको, | २०१७/४/१२ |
| १८. | प्रश्नोत्तर कार्यक्रममा एउटा प्रश्न सोधिसकेपछि माननीय सभामुखद्वारा सदस्य श्री निस्तार राय यादवलाई नियम ५० अनुसार सभाबाट बाहिर जाने आदेश दिनुभएको । | २०१७/४/१९ |

## २६. सार्वजनिक महत्वको वक्तव्य

प्रतिनिधि सभाको बैठकमा विविध विषयमा सदनलाई जानकारी दिन सम्बन्धित मन्त्रीले सार्वजनिक महत्वको विषयमा वक्तव्य दिनसक्ने व्यवस्था रहेको थियो । जसअनुसार प्रतिनिधि सभाको बैठकमा माननीय प्रधानमन्त्रीले दिनुभएको सार्वजनिक महत्वको वक्तव्यको विवरण निम्न बमोजिम रहेको छ :-

| क.सं | अधिवेशन | मिति | वक्तव्य दिनुहुने | वक्तव्यको व्यहोरा |
|---|---|---|---|---|
| १ | दोस्रो | २०१७/१/१७ | माननीय प्रधानमन्त्री | नेपाल अधिराज्य र गणतन्त्र चीन बीचको बीच भएको सन्धिको बारेमा |
| २ | " | २०१७/१/३१ | " | माननीय श्री नरबहादुर थापाले सगरमाथा उपर चीनी दावा सम्बन्धी सूचना दिनुभएको संकल्पको सम्बन्धमा |

## २७. अनुपस्थितिको सूचना

प्रतिनिधि सभाको यस अवधिमा विभिन्न कारणले सभामा उपस्थित हुन नसकेका सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाबाट स्वीकृत भएको थियो । उक्त अनुपस्थितिका सूचनाहरुको विवरण देहाय बमोजिम रहेको छ :-

| क.सं. | अधिवेशन/ मिति | सदस्यको नाम | अवधि |
|---|---|---|---|
| १. | प्रथम २०१६/०६/१९ | श्री पुरुषोत्तम शर्मा | २०१६।४।१५ देखि २ महिना |
| २. | " | श्री विश्वन्धु थापा | २०१६।५।१९ देखि अधिवेशन अन्त्यसम्म |
| ३. | २०१६/०६/२१ | श्री खडानन्द उपाध्याय | २०१६।५।१७ देखि अधिवेशन अन्त्यसम्म |
| ४. | " | श्री श्रीकान्त शर्मा | २०१६।५।७ देखि डेढ महिनासम्म |
| ५. | " | श्री मृगेन्द्र शंशेर | २०१६।६।२ देखि अधिवेशन अन्त्यसम्म |
| ६. | दोस्रो २०१७/०३/३२ | श्री कमलराज रेग्मी | २०१७।३।३२ देखि ३ महिनासम्म |
| ७. | २०१७/०५/३ | श्री अम्वेवर सिंह | २०१७।१।२३ देखि साउन १५ सम्म |
| ८. | " | श्री माधवप्रसाद रेग्मी | २०१७।२।५ गतेदेखि असार २५ सम्म |
| ९. | " | श्री पुरुषोत्तम शर्मा | २०१७।४।१७ देखि अधिवेशन अन्त्यसम्म |

## २८. शोक प्रस्ताव

यस अवधिमा महाकवि लक्ष्मीप्रसाद देवकोटा र प्रतिनिधि सभा सदस्य इन्द्रसिंह रावलको निधन भएकोमा माननीय प्रधानमन्त्री श्री विश्वेश्वर प्रसाद कोइरालाबाट

सभामा शोक प्रस्ताव प्रस्तुत भएको थियो । महाकवि श्री लक्ष्मीप्रसाद देवकोटाको प्रस्तावमा केही सदस्यहरुले बोलीसकेपछि सभामुखले सदनको भावनालाई स्व. देवकोटाको शोक सन्तप्त परिवारसम्म पुऱ्याउने छु भन्नुभएको थियो ।

| क्र.सं. | मृत्यु भएका व्यक्तिको नाम | पारित मिति | अधिवेशन |
|---|---|---|---|
| १. | महाकवि लक्ष्मीप्रसाद देवकोटा | २०१६/५/३० | प्रथम |
| २. | प्रतिनिधि सभा सदस्य इन्द्रसिंह रावल क्षत्री | २०१६/१२/१८ | दोस्रो |

# परिच्छेद दुई
# महासभा

# परिच्छेद - दुई

# महासभा

## १. पृष्ठभूमि

नेपाल अधिराज्यको संविधान, २०१५ (यसपछि "संविधान" भनिएको) को धारा १९ बमोजिम संसदको माथिल्लो सदनको रुपमा ३६ सदस्यीय महासभाको व्यवस्था गरिएको थियो । ३६ जना सदस्यहरुमध्ये १८ सदस्य प्रतिनिधि सभाबाट एकल संक्रमणीय प्रणालीबाट निर्वाचित हुने र बाँकी १८ सदस्य श्री ५ बाट आफ्नो स्वविवेकमा मनोनीत गर्ने व्यवस्था रहेको थियो । सदस्यको स्थान रिक्त भएमा निर्वाचित वा मनोनीत जुन प्रक्रियाबाट निर्वाचित सदस्यको स्थान रिक्त भएको हो सोही प्रक्रियाबाट पूर्ति हुने व्यवस्था संवैधानिक रुपमा रहेको थियो । वि.सं. २०१६ आषाढ २६ गते प्रतिनिधि सभाबाट १८ सदस्यको निर्वाचन भएको थियो । सोही वर्षको आषाढ २९ गते श्री ५ बाट १८ सदस्यको मनोनयन भएको थियो । महासभाका सदस्यको पदावधि ६ वर्षको हुने, प्रत्येक २/२ वर्षमा एक तिहाई सदस्यको पदावधि समाप्त हुने र पहिलो पटक गठित महासभा सदस्यहरु मध्ये निर्वाचित सदस्यहरुको पदावधि ३, ५, ७ वर्ष र मनोनीत सदस्यहरुको पदावधि क्रमशः २, ४ र ६ वर्ष हुने व्यवस्था रहेको थियो । सदस्यहरुको पदावधि गोलाप्रथाबाट निर्धारित गरिने प्रावधान रहेको थियो ।

महासभाको २ वटा अधिवेशनको कार्यकालमा भएका कार्यहरु जस्तै महासभामा निर्वाचित र मनोनीत सदस्यहरु, सदस्यहरुको पदावधि, सभाका पदाधिकारीहरु, सो समयमा गठन भएका समितिहरु, सभाबाट पारित विधेयक तथा अध्यादेशका विवरणहरु, अध्यक्षबाट सभामा भएका निर्देश, श्री ५ बाट भएको सम्बोधन, बजेट सम्बन्धी कार्य, प्रस्तुत प्रस्तावहरुको विवरण लगायतका काम कारवाहीलाई मुख्य रुपमा समेट्ने प्रयास गरिएको छ ।

## २. महासभामा मनोनीत तथा निर्वाचित सदस्य

संविधानको धारा १९ बमोजिम माथिल्लो सदनको रुपमा रहेको महासभाका ३६ जना महासभासदहरु मध्ये १८ महासभासद प्रतिनिधि सभाबाट एकल संक्रमणीय प्रणालीबाट निर्वाचित हुने र बाँकी १८ महासभासद श्री ५ बाट आफ्नो स्वविवेकमा मनोनीत गर्ने संवैधानिक व्यवस्था अनुसार वि.सं. २०१६ आषाढ २६ गते प्रतिनिधि

सभाबाट १८ जना महासभासदको निर्वाचन भएको थियो । एकल संक्रमणीय मतदानद्वारा गरिएको निर्वाचनको परिणाम बमोजिम निम्नानुसार दलहरुको प्रतिनिधित्व महासभामा रहन गएका थियो । यसैगरी सोही वर्षको आषाढ २९ गते श्री ५ बाट १८ महासभासदको मनोनयन भएको थियो । महासभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल, ती दलबाट प्रतिनिधित्व गरेका महासभासदको संख्या र श्री ५ बाट संविधान बमोजिम मनोनीत गरेका सदस्यको संख्या निम्नअनुसार रहेको थियो :-

| क्र.सं. | दलको नाम | सदस्य संख्या |
|---|---|---|
| १. | नेपाली काँग्रेस | १३ |
| २. | नेपाल राष्ट्रवादी गोरखा परिषद् | ३ |
| ३. | संयुक्त प्रजातन्त्र पार्टी | १ |
| ४. | नेपाल कम्युनिष्ट पार्टी | १ |
| ५. | श्री ५ बाट मनोनीत | १८ |
| | **जम्मा** | **३६** |

महासभाको प्रथम र दोस्रो अधिवेशनमा प्रतिनिधित्व गर्नुभएका महासभासदहरुको नामावली **अनुसूची - ५** मा राखिएको छ ।

## ३. कार्यकारी अध्यक्ष

महासभाको अध्यक्ष निर्वाचित नभएसम्मको लागि श्री ५ बाट उमेरका हिसाबले सबैभन्दा ज्येष्ठ महासभासद् श्री बखानसिंह गुरुङ्गलाई कार्यकारी अध्यक्षको रुपमा मनोनयन भएको थियो । श्री बखानसिंह गुरुङ्गले कार्यकारी अध्यक्षको रुपमा २०१६ साउन ५ गते अध्यक्षको निर्वाचनको लागि बसेको महासभाको बैठकको अध्यक्षता गर्नुको साथै सोही दिन सम्पन्न अध्यक्षको निर्वाचनपछि नवनिर्वाचित अध्यक्ष श्री डम्बर बहादुर सिंहलाई अध्यक्षाशन हस्तान्तरण गर्नुभएको थियो ।

## ४. सदस्यको शपथ

२०१६ साल साउन ४ गते बिहान ७:०० बजे बसेको महासभाको बैठकमा श्री ५ बाट उमेरका हिसाबले कार्यकारी अध्यक्षको रुपमा ज्येष्ठ महासभासद श्री बखानसिंह गुरुङ्गलाई मनोनयन गरेको पत्र सभाका सचिव श्री कुलशेखर शर्माले सभा समक्ष पढेर

सुनाएपछि ज्येष्ठ सदस्यलाई कार्यकारी अध्यक्षको शपथ ग्रहण गराउनु भएको थियो । त्यसपछि सोही बैठकमा सभाका सचिवले ३२ जना महासभासदलाई शपथ ग्रहण गराउनु भएको थियो । महासभासदहरु श्री मणीहर्ष, श्री मुक्तीनाथ र श्री छिरिङ तेन्जिङ लामाले क्रमशः २०१६ साउन ५, साउन ६ र भदौ २६ गते सभाको बैठकमा शपथ लिनुभएको थियो ।

## ५. अधिवेशन अवधि

यस कार्यकालमा महासभाका दुई वटा अधिवेशन बसेको थियो । उक्त अवधिमा सम्पन्न भएका अधिवेशनहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| अधिवेशन | प्रारम्भ मिति | अन्त्य मिति | जम्मा बैठक |
|---|---|---|---|
| प्रथम | २०१६/०३/१६ | २०१६/०६/२१ | ४४ |
| दोस्रो | २०१६/१२/१८ | २०१७/०५/३१ | ८५ |
| | | **जम्मा बैठक संख्या** | **१२९** |

## ६. श्री ५ बाट सम्बोधन

संसदको यस कार्यकालमा श्री ५ बाट दुवै सदनको संयुक्त वैठकलाई दुई पटक सम्बोधन भएको थियो । उक्त सम्बोधनपछि सोही दिन बसेको महासभाको वैठकमा अध्यक्षले सम्बोधनको प्रथम र अन्तिम प्रकरण पढेर सुनाई छलफलको लागि दिन तोकिएको थियो । छलफल शुरु हुने दिनको सभाको बैठकमा श्री ५ बाट भएको सम्बोधन प्रति धन्यवादको प्रस्ताव प्रस्तुत गरी उक्त सम्बोधनका बुँदाहरुमाथि छलफल भएको थियो । उक्त अवधिमा श्री ५ बाट भएको सम्बोधनको विवरण देहाय बमोजिम रहेको छ :-

| क्र.सं | अधिवेशन | दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन | महासभामा सम्बोधन टेबुल |
|---|---|---|---|
| १ | प्रथम | २०१६/४/९ | २०१६/४/९ |
| २ | द्वितीय | २०१६/१२/१८ | २०१६/१२/१८ |

## ७. धन्यवादको प्रस्ताव

श्री ५ बाट संसदको दुवै सदनको संयुक्त बैठकलाई भएको सम्बोधनप्रति धन्यवाद ज्ञापन गर्नको लागि महासभामा धन्यवादको प्रस्ताव प्रस्तुत भएको थियो । उक्त धन्यवादको प्रस्तावद्वारा श्री ५ बाट भएको सम्बोधनमाथि संशोधन सहित छलफल गरी धन्यवादको प्रस्ताव स्वीकृत भएको थियो । यस अवधिमा श्री ५ बाट भएको सम्बोधनको लागि महासभाबाट पेश भएको धन्यवादको प्रस्तावको विवरण देहाय बमोजिम रहेको छ :-

| क.सं | मिति | प्रस्तुतकर्ता | प्रस्तावको व्यहोरा | छलफल | स्वीकृत |
|---|---|---|---|---|---|
| १ | २०१६/४/१५ | श्री होरा प्रसाद जोशी | "श्री ५ महाराजाधिराजबाट प्रथम सदनको पहिलो अधिवेशनमा श्रावण ९,२०१६ का दुवै सदनको संयुक्त बंठकमा बक्सेको कृपापूर्ण सम्बोधनको लागि यो सभा मौसुफका जुनाफमा विनम्रतापूर्वक श्रद्धा, भक्ति तथा कृतज्ञता अर्पण गर्दछ" भन्ने प्रस्ताव | २०१६/४/१५, १६, १८ | २०१६/४/१८ |
| २ | २०१६/१२/२६ | श्री प्रेम चैतन्य ब्रम्हचारी | "श्री ५ महाराजाधिराजमा श्रद्धाभक्ति तथा निष्ठा ज्ञापन गर्दै मौसुफबाट २०१६ साल चैत्र १७ गतेका दिन संसदका दुवै सदनको संयुक्त बंठकमा बक्सेको कृपापूर्ण सम्बोधनको लागि यो सभा मौसुफका जुनाफमा विनम्रतापूर्वक धन्यवाद अर्पण गर्दछ" भन्ने प्रस्ताव | २०१६/१२/२९, ३०, २०१७/१/२ | २०१७/१/२ |

## ८. प्रश्नोत्तर

महासभाको यस अवधिमा महासभासदहरुले विभिन्न बैठकमा विभिन्न मन्त्रालयसँग सम्बन्धित प्रश्न सोध्ने गरेको र उक्त प्रश्नको सम्बन्धित माननीय मन्त्रीबाट जवाफ दिने कार्य भएको थियो । महासभाको प्रथम अधिवेशनमा २२ वटा बैठकमा विभिन्न मन्त्रालयसँग सम्बन्धित प्रश्न सोधिएको थियो भने दोस्रो अधिवेशनमा विभिन्न मन्त्रालयसँग सम्बन्धित जम्मा २८८ प्रश्न गरी कुल ३१० प्रश्न सोधिएका र

सम्बन्धित माननीय मन्त्रीले जवाफ समेत दिएका थिए । सो समयमा शून्य समय, विशेष समय र हात उठाएर बोल्ने कुनैपनि समयमा बोल्न दिइएको देखिंदैन ।

## ९. महासभाका पदाधिकारी

### अध्यक्ष निर्वाचन

अध्यक्षको निर्वाचनको दिन श्री ५ बाट तोकेको दिनमा हुने कानूनी व्यवस्था बमोजिम साउन ४ गतेको बैठकमा श्री ५ बाट अध्यक्षको निर्वाचनको निमित्त २०१६ श्रावण ५ गतेको दिन तोकेको जानकारी गराइयो । सोही बमोजिम श्रावण ५ गतेको वैठकमा श्री नगेन्द्र प्रसाद रिजालले महासभासद श्री डम्बर वहादुर सिंहलाई सभाको अध्यक्ष चुनियोस् भनी प्रस्ताव पेश गर्नुभयो । उक्त प्रस्तावलाई श्री लक्ष्मणजंग वहादुर सिंहले समर्थन गर्नुभयो । एकमात्र प्रस्ताव भएकोले कार्यकारी अध्यक्षले श्री डम्बर वहादुर सिंहलाई सभाको अध्यक्ष चुनिएको घोषणा गर्नुभयो ।

### उपाध्यक्ष निर्वाचन

उपाध्यक्षको निर्वाचनको लागि अध्यक्षको २०१६ श्रावण ६ गतेको दिन तोकेको जानकारी गराउनु भएको थियो । सोही बमोजिम श्रावण ६ गतेको वैठकमा श्री दिलवहादुर श्रेष्ठले महासभासद् श्री कमल राणालाई सभाको उपाध्यक्ष चुनियोस् भनी प्रस्ताव पेश गर्नुभयो । उक्त प्रस्तावलाई श्री मणिहर्षले समर्थन गर्नुभएको थियो । यसैगरी श्री वोधप्रसाद उपाध्यायले श्री दिलिपकुमार शाहीलाई सभाको उपाध्यक्ष चुनियोस् भनी प्रस्ताव पेश गर्नुभयो । उक्त प्रस्तावलाई श्री वृजनन्दन वर्माले समर्थन गर्नुभयो । उक्त प्रस्तावमध्ये पहिलो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा शव्दोच्चारणद्धारा सभाको मत निश्चित हुन नसकेकोले मत विभाजनबाट निर्णय गरियो । दुवै प्रस्तावको पक्षमा मत वरावर भएकोले अक्ष्यक्षले निर्णायक मत श्री कमल राणालाई दिनुभएपछि अध्यक्षले श्री कमल राणालाई सभाको उपाध्यक्ष चुनिएको घोषणा गर्नुभयो ।

### सभापतित्व गर्न मनोनीत सदस्य

महासभाको मिति २०१६ साउन ३० गतेको बैठकबाट अध्यक्षले अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थितिमा सभाको सभापतित्व गर्नको लागि निम्नलिखित महासभासदहरुलाई मनोनयन गर्नुभएको थियो ।

| क्र.सं. | सदस्यको नाम | |
|---|---|---|
| १. | श्री सुन्दरराज चालिसे | |
| २. | श्री नगेन्द्रप्रसाद रिजाल | |
| ३. | श्री शुभ शम्शेर | |
| ४. | श्री शंभुराम श्रेष्ठ | |

**१०. महासभासदको पदावधि**

महासभाका सदस्यको पदावधि गोलाप्रथाद्वारा यकिन गरिने विषयको जानकारी सभाध्यक्षले २०१६ भाद्र ४ गतेको बैठकमा गराउनु भएको थियो । संविधानको धारा २० र २१ अनुसार निर्वाचित र मनोनीत सदस्यहरुमध्ये कसको पदावधि कति वर्षसम्म रहने भन्ने कुराको निर्णय अध्यक्षले गोलाप्रथाद्वारा गर्नुपर्ने उल्लेख भएकोले सर्वप्रथम निर्वाचित महासभासदहरुको निर्णय भएको थियो । सदनको टेबुलमा राखिएको बाकसमा ३ वर्ष, ५ वर्ष र ७ वर्ष लेखिएको १८ वटा कागजका टुक्राहरु राखिएको थियो । अध्यक्षद्वारा नाम बोलाइएका सदस्यले बाकसबाट झिकेको कागजको टुक्रामा लेखिएको पदावधि नै सो महासभासदको पदावधि कायम हुने व्यवस्था गरिएको थियो । त्यसैगरी मनोनीत महासभासदहरुको लागि सोही बमोजिम बाकसमा २ वर्ष, ४ वर्ष र ६ वर्ष लेखिएको १८ वटा कागजका टुक्राहरु राखिएको थियो । अध्यक्षद्वारा नाम बोलाइएका महासभासदले बाकसबाट झिकेको कागजको टुक्रामा लेखिएको पदावधि सो महासभासदको पदावधि हुने व्यवस्था कायम गरिएको थियो । यसै बमोजिम अध्यक्षले नाम बोलाउनु भएपछि उहाँहरुले पनि एक एक वटा टुक्रा लिनुभयो । अन्तिममा बाँकी रहेको कागजको टुक्रा भने अध्यक्षको नाममा रहेको थियो जसअनुसार उहाँको पदावधि ४ वर्ष कायम भएको थियो । महासभासदको पदावधि **अनुसूची - ५** मा उल्लेख गरिएको छ ।

## ११. समिति सम्बन्धी विवरण

महासभाको नियमावलीको नियम १५२ अनुसार निम्नलिखित महासभासदहरुको नियम समिति (नियमावली मस्यौदा) गठन भएको थियो ।

### नियम समिति

| क्र.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | श्री अध्यक्ष | पदेन सभापति |
| २. | श्री सूर्यप्रसाद उपाध्याय | सदस्य |
| ३. | श्री मातृकाप्रसाद कोइराला | सदस्य |
| ४. | श्री होराप्रसाद जोशी | सदस्य |
| ५. | श्री वालचन्द्र शर्मा | सदस्य |
| ६. | श्री सूर्यबहादुर थापा | सदस्य |
| ७. | श्री पियूषराज शर्मा | सदस्य |

गठन मिति : २०१६/०४/३०

महासभाको प्रथम अधिवेशनमा विशेष विवाह (व्यवस्था) विधेयक, २०१६ माथि छलफल गर्नको लागि प्रवर समितिको गठन गरिएको थियो । सभाद्वारा गठित उक्त समितिमा रहनुहुने महासभासदहरुको नामावली निम्न बमोजिम छ :-

### प्रवर समिति

(विशेष विवाह (व्यवस्था) विधेयक, २०१६ माथि छलफलको लागि)

| क्र.सं. | सदस्यको नाम | पद |
|---|---|---|
| १. | माननीय होरा प्रसाद जोशी | सदस्य |
| २. | श्रीमती कमल राणा | सदस्य |
| ३. | श्री सूर्यबहादुर थापा | सदस्य |
| ४. | श्री बालचन्द्र शर्मा | सदस्य |
| ५. | श्री दिलिपकुमार शाही | सदस्य |
| ६. | श्री शम्भुराम श्रेष्ठ | सदस्य |

गठन मिति : २०१६/६/९

## १२. सभामा प्रस्तुत प्रतिवेदन

महासभाको दोस्रो अधिवेशनको मिति २०१७ असार २९ गतेको बैठकमा प्रथम अधिवेशनमा विशेष विवाह (व्यवस्था) विधेयक, २०१६ माथि छलफल गर्न गठित प्रवर समितिले उक्त विधेयक सम्बन्धी प्रतिवेदन पेश गरेको थियो ।

## १३. सभामा पेश भएका अध्यादेश

महासभाको दोस्रो अधिवेशनमा निम्नलिखित अध्यादेशहरु सभाको बैठकमा टेबुल भएका थिए ।

| क्र.सं. | मिति | अध्यादेश | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | २०१६/१२/२६ | व्यापार मुनाफा र पारिश्रमिक कर अध्यादेश, २०१६ | माननीय गृहमन्त्री श्री सूर्यप्रसाद उपाध्याय |
| २. | " | सम्पत्ति कर अध्यादेश, २०१६ | " |
| ३. | " | राज्य अदालत उन्मुलन अध्यादेश, २०१६ | " |
| ४. | " | सर्वोच्च अदालत ऐन, २०१३ (संशोधन) अध्यादेश, २०१६ | " |
| ५. | " | जग्गाकर अध्यादेश, २०१६ | " |

## १४. विधेयक सम्बन्धी विवरण

दुवै सदनमा विधेयक दर्ता भएपछि दर्ता भएको विधेयकलाई सभामा अनुमति माग्ने प्रस्ताव पेश गरिसकेपछि विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथि छलफल र अन्त्यमा सम्बन्धित मन्त्रीबाट जवाफ दिने कार्य भएको पाइन्छ । विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावको स्वीकृती पश्चात् विधेयकका प्रत्येक दफा दफामा छलफल शुरु हुने र विधेयक संशोधन सहित वा संशोधन विना सभाबाटै प्रत्येक दफा, अनुसूची, प्रस्तावना र नामलाई छुट्टाछुट्टै अंश बनाई पारित भइसकेपछि अर्को सभामा पठाइएको पाइन्छ । अधिकांश विधेयकहरु संशोधन सहित दफावार छलफल सभामै भएको देखिन्छ भने केही विधेयकमाथि छलफल गर्न प्रवर समिति गठन गरी पठाउने गरिएको देखिन्छ ।

सभामा दफावार छलफल गर्दा विधेयकको दफा १, प्रस्तावना र नाम बाहेकका दफाहरु माथिको छलफल प्रारम्भ भई कुनैपनि दफालाई विधेयकको अंश बनाउनु अगाडि संशोधनकर्ताले संशोधन राख्ने र निर्णयमा लैजाने गरेको पाइन्छ । अन्त्यमा विधेयकको सबै दफाहरु अंश बनिसकेपछि दफा १, प्रस्तावना र नामलाई अंश बनाइ विधेयक पारित गर्ने प्रचलन थियो । त्यसैगरी विधेयकमाथि छलफल गर्न प्रवर समिति गठन भएकोमा भने समितिले सभाबाट प्राप्त कार्यावधिभित्र उक्त विधेयकको प्रत्येक दफाहरुमा छलफल गरी प्रतिवेदन सभामा प्रस्तुत गर्ने र सभामा प्रतिवेदन सहितको विधेयकमाथि दफावार छलफल हुने गरेको पाइन्छ ।

एउटा सभाबाट पारित विधेयकलाई अर्को सभामा सन्देश सहित पठाउने र त्यस्तो सन्देश सभाको सचिवद्वारा पढेर सुनाउने गरेको पाइन्छ । एउटा सभामा उत्पत्ति भएको विधेयकमाथि अर्को सभाले संशोधन गरी पठाएमा उक्त संशोधन स्वीकार भए नभएको जानकारी सम्बन्धित सभालाई दिने गरेको पाइन्छ ।

**महासभामा छलफल भएका विधेयक**

महासभाको प्रथम अधिवेशनमा जम्मा १० वटा विधेयकहरु पारित भएका थिए । “विशेष विवाह (व्यवस्था) विधेयक, २०१६” लाई अर्को अधिवेशनमा प्रतिवेदन पेश गर्ने गरी प्रवर समितिमा पठाईएको थियो । पारित विधेयकमध्ये ४ वटा विधेयक महासभामा र ६ वटा विधेयक प्रतिनिधि सभामा उत्पत्ति भएका थिए । यस अवधिमा सभाले एउटा विधेयकलाई संशोधन विना सदनमा दफावार छलफल गरी पारित गरेको थियो भने ९ वटा विधेयकलाई संशोधन सहित सदनमा दफावार छलफल गरी पारित गरिएको थियो । “न्याय प्रशासन सुधार विधेयक, २०१६” लाई ट्रेजरी बेन्चबाट फिर्ता लिने प्रस्ताव आएकोमा सभाको मिति २०१६ भदौ १९ गते बसेको बैठकबाट स्वीकृति प्रदान भएको थियो । त्यसैगरी महासभामा उत्पत्ति भएको “संस्था रजिष्ट्रेशन विधेयक, २०१६” माथि प्रतिनिधि सभाले गरेको संशोधनलाई सभाले स्वीकार गरेको थियो ।

महासभाको दोस्रो अधिवेशनमा जम्मा २९ वटा विधेयक पारित भएका थिए । प्रथम अधिवेशनबाट प्राप्त “विशेष विवाह (व्यवस्था) विधेयक, २०१७” सम्बन्धी समितिको प्रतिवेदन पेश भएकोमा उक्त प्रतिवेदन सहित सभामा छलफल हुँदा उक्त विधेयकलाई सार्वजनिक राय प्राप्त गर्नको निमित्त प्रसारित गरियोस् भन्ने प्रस्ताव मत विभाजन मार्फत स्वीकृत भएको थियो । महासभाबाट पारित विधेयकमध्ये “जन प्रतिनिधित्व (तेस्रो संशोधन) विधेयक, २०१७” विधेयक मात्र महासभामा र अन्य २८

वटा विधेयक प्रतिनिधि सभामा उत्पत्ति भएको थियो । यस अवधिमा सभाले १५ वटा विधेयकलाई संशोधन विना सदनमा दफावार छलफल गरी पारित गरेको थियो भने १४ वटा विधेयकलाई संशोधन सहित सदनमा दफावार छलफल गरी पारित गरेको थियो । त्यसैगरी प्रतिनिधि सभामा उत्पत्ति भएको ४ वटा विधेयकमाथि महासभाले गरेको संशोधनलाई प्रतिनिधि सभाले स्वीकृति दिएको थियो भने महासभामा उत्पत्ति भएको "जन प्रतिनिधित्व (तेस्रो संशोधन) विधेयक, २०१७" माथि प्रतिनिधि सभाले गरेको संशोधनलाई महासभाले स्वीकार गरेको थियो ।

उक्त अवधिको विधेयक सम्बन्धी विस्तृत विवरण **अनुसूची - ६** मा राखिएको छ ।

**मत विभाजन**

महासभाको विभिन्न मितिको बैठकमा सदस्यहरुबाट विधेयकका सन्दर्भमा मत विभाजन माग गरिएको थियो । जसको विवरण देहाय बमोजिम रहेको छ :-

- ❖ कर लगाउने विधेयक, २०१७ को दफा १, प्रस्तावना र नाम अंश बनाउने क्रममा मत विभाजन माग भएपछि मत विभाजन हुँदा पक्षमा १३ र विपक्षमा १३ मत प्राप्त भएपछि अध्यक्षले निर्णायक मत पक्षमा दिई स्वीकृत भएको ।
- ❖ कोर्ट फि विधेयक, २०१७ लाई प्रवर समितिमा सुपुर्द गरियोस् भन्ने संशोधनमा मत विभाजन हुँदा पक्षमा १२ र विपक्षमा १३ मत प्राप्त भई अस्वीकृत भएको ।
- ❖ विशेष विवाह (व्यवस्था) विधेयक, २०१७ लाई सार्वजनिक राय प्राप्त गर्नको निमित्त प्रसारित गरियोस् भन्ने संशोधन प्रस्तावमाथि मत विभाजन हुँदा पक्षमा १५ र विपक्षमा १५ मत भएकोले अध्यक्षको निर्णायक मतद्वारा संशोधन स्वीकृत भएको ।

## १५. वार्षिक बजेट

**राजश्व र व्ययको अनुमान (आर्थिक विवरण)**

महासभाको प्रथम अधिवेशनको २०१६ साउन २६ गते बसेको बैठकमा माननीय मन्त्री श्री सूर्यप्रसाद उपाध्यायले राजश्व र व्ययको वार्षिक अनुमान (आर्थिक विवरण) पेश गर्नुभएको थियो भने दोस्रो अधिवेशनको २०१७ असार २४ गते बसेको बैठकमा माननीय अर्थमन्त्री श्री सुवर्ण शम्शेरले राजश्व र व्ययको वार्षिक अनुमान (आर्थिक विवरण) पेश गर्नुभएको थियो । आर्थिक विवरणमाथि महासभामा छलफल भएको दस्तावेजबाट देखिंदैन ।

### विनियोजन विधेयक

यस अवधिभर प्रस्तुत भएको विनियोजन विधेयक अन्तर्गत विभिन्न मन्त्रालयहरुको विभिन्न शीर्षकहरुमाथि संशोधन सहित छलफल भई सम्बन्धित माननीय मन्त्रीहरुबाट छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिए पश्चात विनियोजन विधेयक पारित भएको थियो । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :-

| अधिवेशन | प्रस्तुतकर्ता | प्रस्तुत | छलफल | जवाफ | पारित |
|---|---|---|---|---|---|
| प्रथम | महासभाका सचिवद्वारा टेबुल | २०१६/५/१९ | २०१६/६/१, २, ४, ८ | २०१६/६/८ | २०१६/६/८ |
| दोस्रो | महासभाका सचिवद्वारा टेबुल | २०१७/४/२१ | २०१७/४/२५, २६, २७, २८, ३१ ५/१, २, ३, ४ | २०१७/५/५ | २०१७/५/७ |

## १६. सभामा प्रस्तुत प्रस्तावहरु

### संकल्प प्रस्ताव

यस अवधिको संसदका दुवै सदनमा राष्ट्रिय, अन्तर्राष्ट्रिय समस्या एवं जनताका गुनासो सम्बोधन गर्न माननीय महासभासदहरुबाट सदनमा मूलतः संकल्पको माध्यमबाट छलफलमा ल्याउने गरेको देखिन्छ । सचिवालयमा दर्ता भएका संकल्प प्रस्तावहरु छलफलमा ल्याउने प्रचलन रहेको पाइन्छ । कतिपय प्रस्तावहरु स्वीकृत भएका छन् भने कतिपय प्रस्तावहरु छलफल पछि संशोधन भएका छन् भने कतिपय प्रस्तावहरु अस्वीकृत भएका वा फिर्ता समेत भएका छन् । महासभाको प्रथम र दोस्रो अधिवेशनमा सदस्यहरुबाट संकल्प प्रस्तावहरु प्रस्तुत भएको थियो । उक्त प्रस्तुत संकल्प प्रस्तावहरुको विवरण **अनुसूची - ७** मा उल्लेख गरिएको छ ।

### विवादान्त प्रस्ताव

महासभाको बैठकमा कुनै विषयमाथि छलफल भैरहेको अवस्थामा उक्त छलफललाई तत्काल अन्त्य गर्ने कार्यको लागि महासभासदहरुबाट विवादान्त प्रस्ताव राख्ने गरिएको थियो । महासभासदहरुबाट कुनै विषयको छलफल अन्त्य गर्नको लागि ल्याइएको विवादान्त प्रस्ताव स्वीकृत भएमा सो विषयमाथिको छलफल तत्काल स्थगित

हुने गरेको थियो । यस अवधिमा सभामा प्रस्तुत विवादान्त प्रस्तावको विवरण निम्न बमोजिम छ :-

| क.सं | अधिवेशन / मिति | प्रस्तुतकर्ता | प्रस्तावको व्यहोरा | कारवाही |
|---|---|---|---|---|
| १. | दोस्रो<br>२०१७/३/२४ | होराप्रसाद जोशी | माननीय स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन मन्त्री श्री काशीनाथ गौतमले गाउँ पञ्चायत (संशोधन) विधेयक, २०१७ माथि विचार गरियोस् भनी राख्नुभएको प्रस्ताव र श्री नयनबहादुर स्वाँरले विधेयकलाई प्रवर समितिमा पठाईयोस् भनी पेश गर्नुभएको संशोधन माथिको छलफल अन्त्य गर्न | प्रस्ताव स्वीकृत |

## १७. विशेषाधिकारको प्रश्न

संविधानको धारा ३८ को प्रावधान बमोजिम महासभामा वा सो सभाको कुनै समितिमा बोलेको कुनै कुरा अथवा दिएको कुनै मतको विषयलाई लिएर समाचार प्रकाशित भएको एवं खेद प्रकट गरेको विषयलाई लिएर महासभाको दोस्रो अधिवेशनमा प्रश्न उठाइएको थियो । सो प्रश्न सम्बन्धी विवरण निम्नानुसार छ :-

| क.सं. | मिति, अधिवेशन | विशेषाधिकारको विषय | कारवाहीको विवरण |
|---|---|---|---|
| १. | २०१७ जेठ ७ (दोस्रो) | श्री मातृकाप्रसाद कोइरालाले समीक्षामा प्रकाशित समाचारको उल्लेख गर्दै यसबाट महासभासदहरुको वाक स्वतन्ताको हनन भयो भनी प्रश्न उठाउनु भएको | माननीय अध्यक्षले यो प्रश्न विशेषाधिकार समितिलाई सुम्पिइने छ भन्नुभएको |
| २. | २०१७ साउन १८ (दोस्रो) | माननीय कानून सहायक मन्त्री श्री होरा प्रसाद जोशीले माननीय उपाध्यक्ष श्रीमती कमल राणाले साउन ७ को सभाको निर्णय उपर सदन वाहिर खेद प्रकट गरेको विषय सदनको विशेषाधिकार हनन हो भनी प्रश्न उठाउनु भएको | माननीय कमल राणाले उक्त विषयमा स्पष्टीकरण दिएपछि सभा स्थगन भएको । |

## १८. बैठकमा नियमापत्ति

यस अवधिमा महासभाका अधिवेशनहरुमा महासभासदहरुबाट गरिएका नियमापत्तिको विवरण देहाय बमोजिम रहेको छ :-

| क्र.सं. | अधिवेशन / मिति | नियमापत्ति गर्ने सदस्य | नियमापत्तिको विषय |
|---|---|---|---|
| १. | प्रथम २०१६/४/१५ | माननीय प्रधानमन्त्री श्री विश्वेश्वर प्रसाद कोइराला | श्री भरत शम्शेरले धन्यवादको प्रस्तावमा विरोधी दलबाट बोल्न लागेको भनेपछि महासभामा विरोधी दल नहुने भनी स्पष्ट पार्न माग |
| २. | २०१६/४/१६ | श्री बालचन्द्र शर्मा | धन्यवादका प्रस्तावकले बोल्नु भएको “समाजवादी” शब्दले नेपाल अधिराज्यको संविधान, २०१५ ले कुन किसिमको समाजवाद लिएको छ सो को व्याख्या गर्नुपर्ने माग |
| ३. | दोस्रो २०१७/३/३२ | माननीय होराप्रसाद जोशी | प्रवर समितिले आफ्नो अधिकार क्षेत्र बाहिर गई प्रस्तुत गरेको विशेष विवाह (व्यवस्था) विधेयक वर्तमान रुपमा ल्याउन सकिंदैन भनी नियमापत्ति |

## १९. सदनमा भएका निर्देश एवं ध्यानाकर्षण

अध्यक्षमा अन्तरनिहित विशेषाधिकार अन्तर्गत अध्यक्षले विभिन्न बैठकहरुमा सम्बन्धित पक्षलाई ध्यानाकर्षण तथा निर्देश गर्ने परम्परा बमोजिम यस अवधिभर अध्यक्षबाट सदनमा भएका निर्देश र ध्यानाकर्षणहरु देहाय बमोजिम रहेको छ :-

| सि.नं | विषय | अधिवेशन / मिति |
|---|---|---|
| १. | माननीय कार्यकारी सभापतिले नियमानुसार श्री डम्बर बहादुर सिंह, सभाको अध्यक्ष चुनिनु भएको घोषणा गर्दै माननीय अध्यक्ष श्री डम्बर बहादुर सिंहलाई हार्दिक बधाई । | प्रथम २०१६/४/५ |
| २. | नियम अनुसार विभाजन हुँदा प्रस्तावको दुवै पक्षमा मत बराबर भएकोले माननीय अध्यक्षले संविधानको धारा ३५ अनुसार आफ्नो निर्णायक मत प्रस्तावको पक्षमा दिनुहुँदै प्रस्ताव स्वीकृत भई श्री कमल राणालाई उपाध्यक्ष चुनिएको घोषणा र बधाई । | २०१६/४/६ |

| सि.नं | विषय | अधिवेशन / मिति |
|---|---|---|
| ३. | श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधानको धारा ३२ को उपधारा १ अनुसार संसदको दुवै सदनको संयुक्त बंठक सम्वत २०१६ साल श्रावण ९ गते रोज ६ का दिन १५:०० समयमा सम्बोधन गरिबक्सने भएकाले सदस्यहरुको उपस्थितिको निम्ति समावेश गरिबक्सेको छ । अतः सो दिन सबै माननीय महासभासदहरुले कृपया उक्त समय भन्दा १० मिनेट अगाडि नै अर्थात २:५० बजे सम्ममा आफ्नो आसन गहण गरि सक्नुपर्ने भनी माननीय अध्यक्षद्वारा घोषणा । | २०१६/४/६ |
| ४. | उपाध्यक्षले धन्यवादको प्रस्तावमा बोल्न खोज्नुभएपछि श्री त्रिवेणी प्रसाद प्रधानले उपाध्यक्षले बहसमा भाग लिंदा निष्पक्षतामा बाधा हुने भन्नुभएपछि माननीय अध्यक्षले उपाध्यक्षले भाग लिंदा कुनै कानूनी वाधा नपर्ने देखिन्छ भन्नुभयो । | २०१६/४/१८ |
| ५. | माननीय उद्योग वाणिज्य मन्त्री रामनारायण मिश्रले जवाफ दिने क्रममा हिन्दी भाषामा बोल्न थालेपछि श्री दिल बहादुर श्रेष्ठले हिन्दी बोल्न पाउँछ भनी प्रश्न गर्नुभएपछि माननीय अध्यक्षले हाललाई दिनुपर्ने भन्नुभयो । | २०१६/४/१८ |
| ६. | संविधानको धारा २० र २१ अनुसार माननीय महासभासदहरुको पदावधि तोक्नको निम्ति आगामी बृहस्पतिबार भाद्र ४ गते का दिन गोला हालिने र त्यसको कार्यविधिको घोषणा सोही दिन हुने भनी माननीय अध्यक्षद्वारा घोषणा । | २०१६/४/१९ |
| ७. | माननीय अध्यक्षद्वारा संविधानको धारा २० र २१ अनुसार निर्वाचित तथा मनोनीत महासभासदहरुको पदावधिको निर्धारण सम्बन्धी कार्यविधि सम्बन्धी निर्णय गर्नुभयो । | २०१६/५/४ |
| ८. | माननीय अध्यक्षद्वारा सभामा हुने छलफलमा माननीय महासभासदहरुको ध्यानाकर्षण गराउँदै एकजना महासभासदले सामान्यतः एउटा प्रस्तावमा एक पटक भन्दा बढी बोल्न नपाइने र प्रस्तावको अन्तमा सम्बन्धित माननीय मन्त्रीले उत्तर दिइसकेपछि त्यसमा फेरि भाषण दिन वा छलफल गर्न नपाइने नियमको घोषणा । | २०१६/५/८ |
| ९. | माननीय अध्यक्षद्वारा विधेयकको दफा दफा माथिको संशोधन माथि विचार सम्बन्धी कार्यविधि अनुसार सो दफा माथिको सूचना प्राप्त भएको सबै संशोधनहरु एक एक गरी पेश गरिने, साथै पेश भैसकेपछि उक्त संशोधनमा एक जन महासभासदले सामन्यतः एक पटक भन्दा बढी बोल्न नपाइने र कुनै पनि महासभासदले बोल्दा आफ्नो तथा अरुको संशोधन माथि पनि बोल्न पाइने र अन्तमा | २०१६/५/१६ |

| सि.नं | विषय | अधिवेशन / मिति |
|---|---|---|
| | सम्बन्धित माननीय मन्त्रीले बोली सकेपछि एक एक गरी उक्त संशोधनहरु निर्णयार्थ प्रस्तुत गरिने भनी घोषणा । | |
| १०. | माननीय अध्यक्षद्वारा महासभा नियमावलीको नियम १४ अनुसार सदनका नेतासँग परामर्श गरी शाही सम्बोधनमा उल्लेख गरिएका विषयहरुमा छलफल गर्न चैत्र २६,२९ र ३० का दिनहरु तेक्नु भएको भनी घोषणा । | दोस्रो<br>२०१६/१२/१८ |
| ११. | माननीय अध्यक्षद्वारा धन्यवादको प्रस्ताव माथि छलफलको अवधि बैशाख २, २०१७ एक दिनलाई बढाउने घोषणा । | २०१६/१२/३० |
| १२. | माननीय अध्यक्षद्वारा हिजोको बैठकमा केही माननीय महासभासदहरुमा कार्य स्थगन प्रस्ताव र नियम ५९ मा उल्लेख भएको बैठक स्थगनको प्रस्तावको सम्बन्धमा निम्नलिखित निर्देश,<br>“सामान्य संसदीय कार्यविधि अनुसार कार्यस्थगनको प्रस्ताव यस्तो स्थितिमा पेश गरिन्छ जबकि सभाले अरु सामान्य कार्य स्थगित गरी त्यसमाथि बहस गर्न आवश्यक परोस् । संसदीय परम्परा अनुसार यस्तो कार्यस्थगन प्रस्तावलाई सेन्सर मोशन मानिन्छ । हाम्रो नियमावलीमा यस्तो प्रस्तावको व्यवस्था छैन । हाम्रो संविधान अनुसार मन्त्रिमण्डल प्रतिनिधि सभाप्रति उत्तरदायी छ । यसै कारणले हुन सक्दछ कि नियमावलीमा त्यसको व्यवस्था छैन ।<br>बैठक स्थगित गर्ने प्रस्ताव चाँही कुनैपनि दिनको बैठक स्थगित गर्नलाई मात्र राखिन्छ । कुनै कुरालाई छलफल गर्नलाई अथवा अरु कुनै उद्देश्यले यस्तो प्रस्ताव राखिंदैन ।” | २०१७/२/१२ |
| १३. | माननीय अध्यक्षद्वारा अघिल्लो सेशनमा विशेष विवाह विधेयक अपूर्ण रुपमा सदनमा अएकाले त्यसलाई पूर्ण रुप दिन प्रवर समितिमा पठाइएको र शीर्षकमा भएको संशोधनको क्रममा विधेयकमा भएको परिवर्तन अनुसार शीर्षकको अनुकुल हुनु पनि अनियमित नभएको भनी निर्णय । | २०१७/३/३२ |
| १४. | माननीय अध्यक्षद्वारा श्री ५ को शुभागमनमा सम्मान प्रकट गरिएको भनी घोषणा । | २०१७/४/१४ |
| १५. | श्री लक्ष्मण जंगबहादुरले प्रस्तुत गर्नुभएको संकल्प पेश हुनु भन्दा अगाडि नै माननीय श्री सूर्य प्रसाद उपाध्यायले संकल्पमा उल्लोखित कुरालाई लिएर १६ जनाले सर्वोच्च अदालतमा मुद्दा दायर गरिसकेको र सर्वोच्च अदालतबाट कानूनी आज्ञापत्र जारी भैसकेकोले संविधानको धारा ३४ र महासभाको नियमावलीको दफा ५२ को (८) र १२९ को | २०१७/५/२९ |

| सि.नं | विषय | अधिवेशन / मिति |
|---|---|---|
| | (२) ले गर्दा यस संकल्पमा बहस हुन नसक्ने कुरा माननीय अध्यक्षलाई निवेदन गरेकोमा माननीय अध्यक्षद्वारा यस संकल्पमा बहस हुन सक्दैन भनी घोषणा । | |
| १६. | माननीय अध्यक्षद्वारा श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधानको धारा २६ को उपधारा १ अनुसार आव्हान गरी बक्सी चालू भैरहेको संसदको द्वितीय अधिवेशन उक्त संविधानको धारा २७ को उपधारा (१) बमोजिम मिति भाद्र ३१ गते रोज ५ का दिन १७:०० बजे देखि मौसुफबाट अन्त गरिबक्सेको छ भनी घोषणा । | २०१७/५/३१ |
| १७. | २०१७ जेष्ठ १७ गतेको बैठकमा भएको छलफलमा रुलिङ काटिएको भन्ने सुनिएकोमा उक्त रुलिङमा कुनै किसिमको आघात परेको छैन, बैठक स्थगन गरियोस् भन्ने प्रस्तााव मैले स्वीकार गरेको पनि हो, माननीय प्रधानमन्त्रीज्यूसँग स्पष्टीकरण लिनको लागि मात्र मैले अनुमति दिएको र त्यसैको आधारमा छलफल लम्बिएको हुनाले कुनै किसिमको रुलिङ काटिएको छैन भनी स्पष्टीकरण । | २०१६/२/२१ |

## २०. सार्वजनिक महत्वको वक्तव्य

महासभाको बैठकमा विविध विषयमा सदनलाई जानकारी दिन सम्बन्धित मन्त्रीले सार्वजनिक महत्वको विषयमा वक्तव्य दिनसक्ने व्यवस्था रहेको थियो । जसअनुसार महासभाको दोस्रो अधिवेशनमा माननीय प्रधानमन्त्रीले दिनुभएको सार्वजनिक महत्वको वक्तव्यको विवरण देहाय बमोजिम रहेको छ :-

| क्र.सं | अधिवेशन / मिति | वक्तव्य दिनुहुने | वक्तव्यको व्यहोरा |
|---|---|---|---|
| १ | दोस्रो २०१७/२/१७ | माननीय प्रधानमन्त्री | श्री शुभ शम्शेरले माननीय प्रधानमन्त्रीज्यूले २०१७ जेष्ठ १५ गतेको प्रेस सम्मेलनमा महासभासदहरुका सम्बन्धमा बोल्नुभएको विषयमा स्पष्टीकरण माग्नु भएकोमा माननीय प्रधानमन्त्रीबाट स्पष्टीकरण |

## २१. शोक प्रस्ताव

यस अवधिमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको निधन भएकोमा महासभाबाट २०६५/५/३० गते शोक प्रस्ताव पारित भएको थियो । शोक प्रस्ताव माननीय

प्रधानमन्त्री श्री विश्वेश्वर प्रसाद कोइरालाद्वारा राखिएको र सो उपर विभिन्न महासभासदहरुले बोल्नु भएपछि अध्यक्षले सबैले सहमति जनाइसकेकोले निर्णयार्थ प्रस्तुत गर्नु नपर्ने भनी पारित भएको घोषणा गर्नुभयो ।

# अनुसूचीहरू

## अनुसूची-१
## प्रतिनिधि सभा सदस्यहरुको नामावली

| निर्वाचन क्षेत्र नं. | नाम, थर | निर्वाचन क्षेत्रको नाम | दलको नाम |
|---|---|---|---|
| १. | श्री गणेशमान सिंह | कान्तिपुर | नेपाली काँग्रेस |
| २. | श्री नरबहादुर थापा क्षेत्री | काठमाडौं उपत्यका पश्चिम | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ३. | श्री तुलसीलाल अमात्य | ललितपुर उपत्यका | नेपाल कम्युनिष्ट पार्टी |
| ४. | श्री जगन्नाथ आचार्य | भक्तपुर उपत्यका | नेपाली काँग्रेस |
| ५. | श्री लोचन शम्शेर थापा | काठमाडौं उपत्यका उत्तर पूर्व | संयुक्त प्रजातन्त्र पार्टी |
| ६. | श्री गुणनिधी | चौतारा उत्तर पश्चिम | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ७. | श्री चन्द्रलाल श्रेष्ठ | चौतारा उत्तर पूर्व | नेपाली काँग्रेस |
| ८. | श्री सुरेन्द्रप्रसाद उपाध्याय | चौतारा मध्य पश्चिम | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ९. | श्री तिर्थमान लामा | चौतारा दक्षिण | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १०. | श्री हर्षजित लामा | चौतारा मध्य पूर्व | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ११. | श्री गृहबहादुर बस्नेत | दोलखा उत्तर | नेपाली काँग्रेस |
| १२. | श्री ले.ज. मृगेन्द्र शम्शेर ज.ब.रा. | दोलखा मध्य | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १३. | श्री विष्णुप्रसाद उप्रेति | रामेछाप उत्तर आलमपुर | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १४. | श्री बेनीबहादुर कार्की | रामेछाप दक्षिण | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १५. | श्री जितबहादुर कार्की | सिन्धुली | नेपाल प्रजा परिषद् (आचार्य) |
| १६. | श्री मणिराम शास्त्री | ऐसेलु खर्का | नेपाली काँग्रेस |
| १७. | श्री पेशलकुमार पोखरेल | ओखलढुङ्गा | नेपाली काँग्रेस |
| १८. | श्री बलबहादुर राई | मानेभञ्ज्याङ | नेपाली काँग्रेस |
| १९. | श्री खड्ग बहादुर कार्की | भोजपुर मध्य | नेपाली काँग्रेस |
| २०. | श्री भूदेब राई | भोजपुर दक्षिण | नेपाली काँग्रेस |
| २१. | श्री देवान सिंह राई | भोजपुर उत्तर पूर्व | नेपाली काँग्रेस |
| २२. | श्री लिलानाथ दाहाल | धनकुटा पश्चिम दक्षिण | नेपाली काँग्रेस |

| निर्वाचन क्षेत्र नं. | नाम, थर | निर्वाचन क्षेत्रको नाम | दलको नाम |
|---|---|---|---|
| २३. | श्री पद्मनाथ रेग्मी | धनकुटा उत्तर पश्चिम | नेपाली काँग्रेस |
| २४. | श्री कुलमान इजम लिम्बु | उत्तर पूर्व | नेपाली काँग्रेस |
| २५. | श्री प्रेमराज आंगदेम्बे | धनकुटा पूर्व मध्य | नेपाली काँग्रेस |
| २६. | श्री तेजमान तुम्वाहाम्फे | धनकुटा मध्य | नेपाली काँग्रेस |
| २७. | श्री वगलसिंह सेन लिम्बु | धनकुटा दक्षिण | नेपाली काँग्रेस |
| २८. | श्री गणेश प्रसाद रिजाल | इलाम पश्चिम पाँचथर दक्षिण | नेपाली काँग्रेस |
| २९. | श्री कृष्णबहादुर | मध्य पूर्व | नेपाली काँग्रेस |
| ३०. | श्री फत्तेबहादुर बुढाथोकी | झापा | नेपाली काँग्रेस |
| ३१. | श्री ख. चेतुलाल चौधरी | मोरङ विराटनगर पूर्व | नेपाली काँग्रेस |
| ३२. | श्री विश्वेश्वर प्रसाद कोइराला | मोरङ विराटनगर पश्चिम दक्षिण | नेपाली काँग्रेस |
| ३३. | श्री डि. ज्ञानचन्द्र सरदार | मोरङ विराटनगर पश्चिम उत्तर | नेपाली काँग्रेस |
| ३४. | श्री अम्वेबर सिंह बस्नेत | उदयपुर | नेपाली काँग्रेस |
| ३५. | श्री दुर्गानन्द प्रसाद थारु | सप्तरी पूर्वान्त | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ३६. | श्री डा. नागेश्वर प्रसाद सिंह | सप्तरी मध्य | नेपाली काँग्रेस |
| ३७. | श्री हरिहरलाल चौधरी | सप्तरी पश्चिम | स्वतन्त्र |
| ३८. | श्री सूर्यनाथ दास | सप्तरी पश्चिम धनछवार | नेपाली काँग्रेस |
| ३९. | श्री देवनाथ दास | सिराहा मध्य | नेपाली काँग्रेस |
| ४०. | श्री माधव प्रसाद | सिराहा पश्चिम | नेपाली काँग्रेस |
| ४१. | श्री सरोज प्रसाद कोइराला | खेस्राहा महोत्तरी दक्षिण पूर्व | नेपाली काँग्रेस |
| ४२. | श्री रुद्रप्रसाद गिरी | महोत्तरी उत्तर पूर्वान्त | नेपाली काँग्रेस |
| ४३. | श्री महेन्द्रनारायण निधि | जनकपुर | नेपाली काँग्रेस |
| ४४. | श्री रामनारायण मिश्र | महोत्तरी प्रगन्ना पूर्व | नेपाली काँग्रेस |
| ४५. | श्री वेणिमाधव सिंह | महोत्तरी प्रगन्ना पश्चिम | नेपाली काँग्रेस |
| ४६. | श्री रामदुलार राय यादव | असिमौ कोद्राहा | स्वतन्त्र |
| ४७. | श्री निस्तार राय | सर्लाही पश्चिम | नेपाल प्रजा परिषद् (मिश्र) |
| ४८. | श्री से. इद्रीस | रौतहट पश्चिम दक्षिण | नेपाल प्रजा परिषद् (आचार्य) |
| ४९. | श्री सेख फरमान | रौतहट मध्य पूर्व | नेपाल कम्युनिष्ट पार्टी |

| निर्वाचन क्षेत्र नं. | नाम, थर | निर्वाचन क्षेत्रको नाम | दलको नाम |
|---|---|---|---|
| ५०. | श्री हरदयाल महतो | रौतहट उत्तर दोस्तिया | नेपाल कम्युनिष्ट पार्टी |
| ५१. | श्री भागवत यादव | बारा मध्य दक्षिण | नेपाली काँग्रेस |
| ५२. | श्री मनमोहन मिश्र ▽ | बारा मध्य उत्तर | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ५३. | श्री सुवर्ण शम्शेर ज.ब.रा. | बारा पर्सा पूर्वान्त | नेपाली काँग्रेस |
| ५४. | श्री जीमी मुनिलाल थारु | पर्सा पश्चिम | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ५५. | श्री ताराप्रसाद उपाध्याय | मकवानपुर | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ५६. | श्री विश्वबन्धु थापा | चितौन चिसापानी | नेपाली काँग्रेस |
| ५७. | श्री पृथ्वीराज कण्डेल | पाल्ही पूर्व | नेपाली काँग्रेस |
| ५८. | श्री त्रिवेणि कुर्मी | पाल्ही पश्चिम माझखण्ड मध्य | संयुक्त प्रजातन्त्र पार्टी |
| ५९. | श्री काशीप्रसाद श्रीवास्तव | माझखण्ड पश्चिम | संयुक्त प्रजातन्त्र पार्टी |
| ६०. | श्री वासुदेव तिवारी | खजहनी पूर्व | संयुक्त प्रजातन्त्र पार्टी |
| ६१. | श्री शिवप्रताप शाह | खजहनी पश्चिम सिवराज | नेपाली काँग्रेस |
| ६२. | श्री परशुनारायण चौधरी | दाङ | नेपाली काँग्रेस |
| ६३. | श्री ललित चन्द | बाँके | नेपाली काँग्रेस |
| ६४. | श्री राधाकृष्ण | बर्दिया | नेपाली काँग्रेस |
| ६५. | श्री लोकेन्द्र बहादुर शाह | कैलाली कन्चनपुर | नेपाली काँग्रेस |
| ६६. | श्री द्वारिका ठकुरानी चं | डडेलधुरा | नेपाली काँग्रेस |
| ६७. | श्री दुर्गादत्त जोशी | बैतडी पूर्व दक्षिण | नेपाली काँग्रेस |
| ६८. | श्री कृष्णलाल लेखक | बैतडी उत्तर पश्चिम | नेपाली काँग्रेस |
| ६९. | श्री कर्णबहादुर सिंह | बझाङ | नेपाली काँग्रेस |
| ७०. | श्री नवराज जोशी * | थलारा डोटी उत्तर | नेपाली काँग्रेस |
| ७१. | श्री शिवराज पन्त | डोटी दक्षिण | नेपाली काँग्रेस |
| ७२. | श्री दिल बहादुर बुढथापा | आछाम बाजुरा | नेपाली काँग्रेस |
| ७३. | श्री भिमप्रसाद श्रेष्ठ | जुम्ला उत्तर | स्वतन्त्र |
| ७४. | श्री जयबहादुर महतक्षत्री | जुम्ला दक्षिण | स्वतन्त्र |

▽ श्री सुवर्ण शम्शेर ज.ब.रा.ले निर्वाचन क्षेत्र नं. ५२, ५३ र ९१ मध्ये ५२ र ९१ छोडेपछि भएको उपनिर्वाचनबाट निर्वाचित ।

* श्री शिवराज पन्तले निर्वाचन क्षेत्र नं. ७० र ७१ मध्ये ७० छोडेपछि भएको उपनिर्वाचनबाट निर्वाचित ।

| निर्वाचन क्षेत्र नं. | नाम, थर | निर्वाचन क्षेत्रको नाम | दलको नाम |
|---|---|---|---|
| ७५. | श्री इन्द्रसिंह रावल क्षत्री [£] | दैलेख पश्चिम | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ७६. | श्री भक्तबहादुर शाही | दैलेख मध्य | नेपाली काँग्रेस |
| ७७. | श्री निरखबहादुर पछाई | दैलेख पूर्व | नेपाली काँग्रेस |
| ७८. | श्री राजा स्वयं प्रकाश विक्रम शाह | सल्यान पश्चिमोत्तर | नेपाली काँग्रेस |
| ७९. | श्री नेब बहादुर मल्ल | सल्यान मध्य पश्चिम | नेपाली काँग्रेस |
| ८०. | श्री गणेश कुमार शर्मा | सल्यान दक्षिण पूर्व फलावाङ राज्य दाङ उत्तर पश्चिम | नेपाली काँग्रेस |
| ८१. | श्री जुद्धबहादुर खत्री क्षत्री | सल्यान पूर्व दक्षिण | नेपाली काँग्रेस |
| ८२. | श्री टेकबहादुर घर्ति क्षत्री | सल्यान पूर्व उत्तर | नेपाली काँग्रेस |
| ८३. | श्री खडानन्द उपाध्या | प्यूठान उत्तर पश्चिम | नेपाली काँग्रेस |
| ८४. | श्री अनिरुद्र शर्मा | प्यूठान मध्य पूर्व | नेपाली काँग्रेस |
| ८५. | श्री पुरुषोत्तम शर्मा | प्यूठान पूर्व दक्षिण | नेपाली काँग्रेस |
| ८६. | श्री राजा भरतबं मल्ल | बाग्लुङ दक्षिण पश्चिम | नेपाली काँग्रेस |
| ८७. | श्री योगेन्द्रमान शेरचन | बाग्लुङ उत्तर | नेपाली काँग्रेस |
| ८८. | श्री हरिदत्त पाध्या | बाग्लुङ दक्षिण पूर्व | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ८९. | श्री क.प. गिरि प्रसाद बुढाथोकी | गुल्मी उत्तर पूर्व | नेपाली काँग्रेस |
| ९०. | श्री नीलाम्वर शर्मा | गुल्मी उत्तर पश्चिम | नेपाली काँग्रेस |
| ९१. | श्री पं पुष्करनाथ पोखरेल [Υ] | गुल्मी दक्षिण पश्चिम | नेपाली काँग्रेस |
| ९२. | श्री काशीनाथ गौतम | गुल्मी मध्य पूर्व | नेपाली काँग्रेस |
| ९३. | श्री अच्युतराज रेग्मी | पाल्पा पश्चिम | नेपाली काँग्रेस |
| ९४. | श्री कमलराज रेग्मी | पाल्पा पूर्व | नेपाल कम्युनिष्ट पार्टी |
| ९५. | श्री जमानसिंह गुरुङ | नुवाकोट दक्षिण पूर्व | नेपाली काँग्रेस |
| ९६. | श्री यमबहादुर ठकुरी | नुवाकोट दक्षिण पश्चिम | नेपाली काँग्रेस |
| ९७. | श्री डिकबहादुर गुरुङ | नुवाकोट मध्य | नेपाली काँग्रेस |
| ९८. | श्री धीरबहादुर गुरुङ | नुवाकोट उत्तर | संयुक्त प्रजातन्त्र पार्टी |
| ९९. | श्री मीन बहादुर गुरुङ | पोखरा पश्चिम | नेपाली काँग्रेस |
| १००. | श्री श्रीकान्त अधिकारी | पोखरा मध्य | नेपाली काँग्रेस |

[£] २०१६ चैत १८ गते सभाबाट शोक प्रस्ताव स्वीकृत भएको ।

[Υ] श्री सुवर्ण शम्शेर ज.ब.रा.ले निर्वाचन क्षेत्र नं. ५२, ५३ र ९१ मध्ये ५२ र ९१ छोडेपछि भएको उपनिर्वाचनबाट निर्वाचित ।

| निर्वाचन क्षेत्र नं. | नाम, थर | निर्वाचन क्षेत्रको नाम | दलको नाम |
|---|---|---|---|
| १०१. | श्री नरेन्द्र जङ गुरुङ | पोखरा पूर्व | नेपाली काँग्रेस |
| १०२. | श्री पद्‌म बहादुर | पोखरा दक्षिण पश्चिम | नेपाली काँग्रेस |
| १०३. | श्री श्रीभद्र शर्मा | पोखरा दक्षिण पूर्व | नेपाली काँग्रेस |
| १०४. | श्री विश्वनाथ सुवेदी | गोरखा उत्तर | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १०५. | श्री कोमलबहादुर कंवर | गोरखा दक्षिण | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १०६. | श्री ललितबहादुर घले | प. १ नं. धादिङ दक्षिण | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १०७. | श्री भरत शम्शेर | धादिङ उत्तर | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १०८. | श्री देववीर पाण्डे | नुवाकोट उत्तर | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १०९. | श्री भीमबहादुर कार्की | नुवाकोट दक्षिण | नेपाल राष्ट्रवादी गोरखा परिषद् |

*(स्रोत : नेपाल गजेट, भाग ३, २०१५ माघ २०, नेपाल गजेट, भाग ३, २०१६ वैशाख २८, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग, पृष्ठ २८५, २०७३)*

# अनुसूची-२
## प्रतिनिधि सभामा विधेयक सम्बन्धी विवरण

प्रतिनिधि सभा प्रथम अधिवेशन अवधिभर पारित विधेयकहरुको विवरण

| क्र.सं. | विधेयकको नाम | अनुमति माग्ने प्रस्ताव प्रस्तुत मिति | विचार गरियोस् | प्रवर समितिमा पठाइयोस् | दफावार छलफल सदनमा | | समितिको प्रतिवेदन पेश | प्रतिवेदन सहित छलफल | पारित मिति | महासभाको सन्देश र स्वीकृति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संशोधन सहित | संशोधन विना | | | | |
| १. | आर्थिक विधेयक, २०१६ | २०१६/४/२५ | २०१६/५/४, ५ | | २०१६/५/८, ९ | | | | २०१६/५/११ | २०१६/६/१२ |
| २. | * **लालमोहर (संशोधन) विधेयक, २०१६** | २०१६/५/१ | २०१६/५/२२ | | | २०१६/५/२२ | | | २०१६/५/२२ | |
| ३. | विनियोजन विधेयक, २०१६ | २०१६/५/५ | २०१६/५/११, १२ | | २०१६/५/१५, १६, १७, १८ | | | | २०१६/५/१८ | २०१६/६/१२ |
| ४. | आकस्मिक कोष विधेयक, २०१६ | २०१६/५/११ | २०१६/५/१९ | | | २०१६/५/१९ | | | २०१६/५/१९ | २०१६/६/१२ |
| ५. | * **संस्था रजिष्ट्रेशन विधेयक, २०१६** | २०१६/५/१५ | २०१६/५/२४ | | २०१६/५/२५ | | | | २०१६/५/२९ | २०१६/६/१९ |

* महासभामा उत्पत्ति भएको ।

| क.सं. | विधेयकको नाम | अनुमति माग्ने प्रस्ताव प्रस्तुत मिति | विचार गरियोस् | प्रवर समितिमा पठाइयोस् | दफावार छलफल सदनमा | | समितिको प्रतिवेदन पेश | प्रतिवेदन सहित छलफल | पारित मिति | महासभाको सन्देश र स्वीकृति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संशोधन सहित | संशोधन विना | | | | |
| ६. | न्याय प्रशासन सुधार विधेयक, २०१६ | २०१६/५/२५ | २०१६/५/२९ | | २०१६/६/१, ५, ६ | | | | २०१६/६/७ | २०१६/६/१२ |
| ७. | बिर्ता उन्मूलन विधेयक, २०१६ | २०१६/६/१ | २०१६/६/७, ८ | २०१६/६/८ | | | २०१६/६/१२ | २०१६/६/१३, १४, १५ | २०१६/६/१५ | |
| ८. | भूमि सम्बन्धी (संशोधन) विधेयक, २०१६ | २०१६/६/७ | २०१६/६/१५, १६ | | २०१६/६/१८ | | | | २०१६/६/१८ | |
| ९. | *** संसदका सदस्यहरुको पारिश्रमिक विधेयक, २०१६** | २०१६/६/१६ | २०१६/६/१९ | | | २०१६/६/१९ | | | २०१६/६/१९ | |
| १०. | *** आय र कर न्याय व्यवस्था विधेयक, २०१६** | २०१६/६/१६ | २०१६/६/१९ | | २०१६/६/१९ | | | | २०१६/६/१९ | |

* महासभामा उत्पत्ति भएको ।

प्रतिनिधि सभा दोस्रो अधिवेशन अवधिभर पारित विधेयकहरुको विवरण

| क्र.सं. | विधेयकको नाम | अनुमति माग्ने प्रस्ताव प्रस्तुत मिति | विचार गरियोस् | प्रवर समितिमा पठाइयोस् | दफावार छलफल सदनमा | | समितिको प्रतिवेदन पेश | प्रतिवेदन सहित छलफल | पारित मिति | महासभाको सन्देश र स्वीकृती |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संशोधन सहित | संशोधन विना | | | | |
| १. | सर्वोच्च अदालत (पाँचौं संशोधन) विधेयक, २०१७ | २०१६/१२/२९ | २०१७/१/२ | | २०१७/१/३ | | | | २०१७/१/३ | २०१७/१/१० |
| २. | राज्य अदालत उन्मूलन विधेयक, २०१७ | २०१६/१२/२९ | २०१७/१/३ | | २०१७/१/६ | | | | २०१७/१/६ | २०१७/१/१० |
| ३. | कर लगाउने विधेयक, २०१७ | २०१७/१/२ | २०१७/१/६ | | २०१७/१/६ | | | | २०१७/१/६ | २०१७/१/१० |
| ४. | नेपाल राष्ट्र बैंक (दोस्रो संशोधन) विधेयक, २०१७ | २०१७/१/३ | २०१७/१/७, ८ | | २०१७/१/८ | | | | २०१७/१/८ | २०१७/१/२१ |
| ५. | विदेशी विनिमय सटही नियन्त्रण विधेयक, २०१७ | २०१७/१/३ | २०१७/१/८ | | | २०१७/१/८ | | | २०१७/१/८ | २०१७/१/२० |
| ६. | सम्पत्ती कर विधेयक, २०१७ | २०१७/१/६ | २०१७/१/१३ | | २०१७/१/१३ | | | | २०१७/१/१३ | २०१७/१/२४ |
| ७. | जग्गा कर विधेयक, २०१७ | २०१७/१/६ | २०१७/१/२१ | | २०१७/१/२७, २८ | | | | २०१७/१/२८ | २०१७/१/३१ |
| ८. | व्यापार मूनाफा र पारिश्रमिक कर विधेयक, २०१७ | २०१७/१/६ | २०१७/१/१३ | | २०१७/१/२० | | | | २०१७/१/२० | २०१७/१/३० |

| क्र.सं. | विधेयकको नाम | अनुमति माग्ने प्रस्ताव प्रस्तुत मिति | विचार गरियोस् | प्रवर समितिमा पठाइयोस् | दफावार छलफल सदनमा | | समितिको प्रतिवेदन पेश | प्रतिवेदन सहित छलफल | पारित मिति | महासभाको सन्देश र स्वीकृती |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संशोधन सहित | संशोधन विना | | | | |
| ९. | मनोरञ्जन कर विधेयक, २०१७ | २०१७/१/६ | २०१७/१/२० | | | २०१७/१/२१ | | | २०१७/१/२१ | |
| १०. | *** जन प्रतिनिधित्व (तेस्रो संशोधन) विधेयक, २०१७** | २०१७/१/२८ | २०१७/२/३ | | २०१७/२/४ | | | | २०१७/२/४ | २०१७/२/१३ |
| ११. | जलचर संरक्षण विधेयक, २०१७ | २०१७/२/१० | २०१७/२/१७ | २०१७/२/१७ | | | २०१७/३/२० | २०१७/३/२८ | २०१७/३/२८ | २०१७/४/६ |
| १२. | पूरक विनियोजन विधेयक, २०१७ | २०१७/२/१७ | २०१७/२/१८ | | २०१७/२/१९, २० | | | | २०१७/२/२० | २०१७/२/३१ |
| १३. | नेपाल कोर्ट फी विधेयक, २०१७ | २०१७/२/१९ | २०१७/२/२४ | | २०१७/२/२६ | | | | २०१७/२/२६ | २०१७/३/११ |
| १४. | भंसार विधेयक, २०१७ | २०१७/२/२५ | २०१७/२/३१ | | २०१७/३/१, ३, ७ | | | | २०१७/३/७ | २०१७/३/२४ २०१७/४/३१, ५/२ |
| १५. | गाउँ पञ्चायत विधेयक, २०१७ | २०१७/२/३१ | २०१७/३/७, ८, ९ | | २०१७/३/१०, १३ | | | | २०१७/३/१३ | २०१७/४/४ २०१७/४/५ |
| १६. | मादक पदार्थ विधेयक, २०१७ | २०१७/३/८ | २०१७/३/२० | २०१७/३/२० | | | २०१७/४/२७ | २०१७/५/३ | २०१७/५/३ | २०१७/५/१४ |

* महासभामा उत्पत्ति भएको ।

| क्र.सं. | विधेयकको नाम | अनुमति माग्ने प्रस्ताव प्रस्तुत मिति | विचार गरियोस् | प्रवर समितिमा पठाइयोस् | दफावार छलफल सदनमा | | समितिको प्रतिवेदन पेश | प्रतिवेदन सहित छलफल | पारित मिति | महासभाको सन्देश र स्वीकृती |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संशोधन सहित | संशोधन विना | | | | |
| १७. | संसदको विशेषाधिकार विधेयक, २०१७ | २०१७/३/८ | २०१७/४/२५ | २०१७/४/२५ | | | २०१७/४/३१ | २०१७/५/३ | २०१७/५/३ | २०१७/५/१७ |
| १८. | विनियोजन विधेयक, २०१७ | २०१७/३/२३ | २०१७/४/६ | | २०१७/४/१०, ११, १२, १७, १८, १९, २० | | | | २०१७/४/२० | |
| १९. | पेश्की अनुदान विनियोजन विधेयक, २०१७ | २०१७/३/२३ | २०१७/३/२४ | | | २०१७/३/२४ | | | २०१७/३/२४ | २०१७/३/३० |
| २०. | आर्थिक विधेयक, २०१७ | २०१७/३/२३ | २०१७/४/३ | | | २०१७/४/४ | | | २०१७/४/४ | २०१७/४/१७ |
| २१. | ऋण विधेयक, २०१७ | २०१७/४/४ | २०१७/४/५ | | | २०१७/४/५ | | | २०१७/४/५ | २०१७/४/११ |
| २२. | लोक सेवा आयोगका सदस्यहरुको पारिश्रमिक र सेवाका शर्त विधेयक, २०१७ | २०१७/४/२० | २०१७/४/२६ | | २०१७/४/२७ | | | | २०१७/४/२७ | २०१७/५/१०<br>२०१७/५/२२ |
| २३. | घुम्ती अदालत विधेयक, २०१७ | २०१७/५/७ | २०१७/५/९ | २०१७/५/९ | | | २०१७/५/१४ | २०१७/५/१५, १७ | २०१७/५/१७ | २०१७/५/२२ |
| २४. | अन्तःशुल्क (संशोधन) विधेयक, २०१७ | २०१७/५/७ | २०१७/५/१० | | २०१७/५/१५ | | | | २०१७/५/१५ | २०१७/५/२२ |
| २५. | संसदका सदस्यहरुको पारिश्रमिक (संशोधन) | २०१७/५/१४ | २०१७/५/२२ | | २०१७/५/२२ | | | | २०१७/५/२२ | २०१७/५/२८ |

| क.सं. | विधेयकको नाम | अनुमति माग्ने प्रस्ताव प्रस्तुत मिति | विचार गरियोस् | प्रवर समितिमा पठाइयोस् | दफावार छलफल सदनमा | | समितिको प्रतिवेदन पेश | प्रतिवेदन सहित छलफल | पारित मिति | महासभाको सन्देश र स्वीकृती |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संशोधन सहित | संशोधन विना | | | | |
| | विधेयक, २०१७ | | | | | | | | | |
| २६. | भंसार महसुल विधेयक, २०१७ | २०१७/५/१४ | २०१७/५/१७ | | | २०१७/५/१७ | | | २०१७/५/१७ | २०१७/५/२४ |
| २७. | राष्ट्र ऋण विधेयक, २०१७ | २०१७/५/१४ | २०१७/५/२२ | | | २०१७/५/२४ | | | २०१७/५/२४ | २०१७/५/३० |
| २८. | राष्ट्र ऋण उठाउने विधेयक, २०१७ | २०१७/५/१४ | २०१७/५/२४ | | | २०१७/५/२४ | | | २०१७/५/२४ | २०१७/५/३० |
| २९. | राष्ट्रिय परिषद् (खर्च व्यवस्था) विधेयक, २०१७ | २०१७/५/२८ | २०१७/५/२८ | | | २०१७/५/२८ | | | २०१७/५/२८ | २०१७/५/३० |

# अनुसूची-३

## प्रतिनिधि सभामा प्रस्तुत संकल्प प्रस्ताव

| क्र.सं. | प्रस्तावक | प्रस्तावको व्यहोरा | कारवाहीको विवरण | प्रस्तुत मिति | अधिवेशन |
|---|---|---|---|---|---|
